निर्वाचनको वातावरण बनाउनुपर्नेमा अध्यक्ष ओलीको जोड | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ • अंक २०७ • २०८२ साल पुस ११ गते शुक्रबार (26 December, Friday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## दोषीलाई कारबाही गर्न निर्देशन

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको बहुदरामाई नगरपालिका वडा नम्बर २ स्थित सिसियाडीमा बाटो विवादका क्रममा दलित समुदायका भागरित पासवानको घरमा आगजनी र कुटपिट भएको घटनामा राष्ट्रिय दलित आयोगले स्थलगत अनुगमन गरेको छ।

पीडित भागरित पासवानका अनुसार निजी नम्बरी जग्गामा बाटो दिन अस्वीकार गर्दा विपक्षी समूहले उनको घरमा पेट्रोल छर्केर आगजनी गर्नुका साथै उनी र उनकी श्रीमती मिना देवीमाथि कुटपिट गरेका थिए। आगलागीबाट घरभित्र रहेको अन्न, नगद, गहना, कपडा तथा घर संरचनासमेत गरी लाखौं रुपैयाँ बराबरको क्षति भएको पीडित परिवारले जनाएको छ।

अनुगमनपछि अध्यक्ष विश्वकर्माले दलित समुदायमाथि भएको घटनामा दोषीलाई कानुन अनुसार कारबाही हुने बताए। उनले पीडित परिवारको सुरक्षा, उपचार र क्षतिपूर्तिको व्यवस्था तत्काल गर्न स्थानीय प्रशासनलाई निर्देशन दिए।

आयोगका अध्यक्ष देवराज विश्वकर्मा नेतृत्वको टोलीले पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाल र प्रहरी उपरीक्षक सुदिपराज पाठकसंग घटनाबारे विस्तृत जानकारी लिए।

### लौरो वरिपरी चुनावी राजनीति

# दुई दिनदेखि घनिभूत छलफलमा बालेन, अनपेक्षित भेटघाट

**निरज कुमार यादव**

काठमाण्डु । प्रधानमन्त्री बन्न जेन- जीहरुले दिएको दबाबलाई अस्वीकार गरेका काठमाण्डु महानगरपालिकाका मेयर बालेन साह वरिपरी राष्ट्रिय राजनीति घुम्न थालेको छ।

प्रतिनिधि सभाको आसन्न निर्वाचनको समय नजिकिदै गर्दा बालेनको राजनीतिक सक्रियता ह्वात्तै बढेको छ। राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का अध्यक्ष रवि लामिछानेसंग सोमबार राति संवाद गरेका बालेनले बुधबार भेटघाटलाई झन् बाक्लो बनाएका छन् । बालेनसित अनपेक्षित नेताहरुले भेट्न थालेका छन् ।

विभिन्न दलका नेता, बुद्धिजीवि, अभियानीलगायत जेन- जीका अगुवा नेताहरुले बालेनलाई विभिन्न स्थान र समयमा बिहीबार भेटेका छन्। मेयर साहलाई भेट्ने नेताहरुले छलफल सकारात्मक रहेको प्रतिक्रिया दिएका छन्।

जेन- जीका अगुवाहरुले रास्वपासित मिल्न बालेनलाई दबाब दिइरहेका छन् । तर उच्च स्रोतहरुका अनुसार बालेन आफ्नै नेतृत्वमा प्रतिनिधि सभाको चुनावमा सहभागी हुन चाहेका छन् । 'लौरो चुनाव चिन्ह भएको देश विकास पार्टीको अध्यक्ष बालेन हुने सम्भावना छ 'स्रोतले भने, सो पार्टी सन्ध्या खनालको अध्यक्षतामा निर्वाचन आयोगमा दर्ता रहेको छ।

लामिछाने र बालेनबीच दुई विषयमा सहमति जुट्न नसकेको बताइन्छ । 'पार्टी र सरकार नेतृत्वको विषयमा दुवै दलका नेता सहमति नजिक पुग्न सकेका छैनन्' स्रोतले भने, लामिछानेको नेतृत्वमा चुनावमा जान जोखिम हुन सक्ने सम्भावना छ।

सहकारी सम्बन्धी मुद्दामा लामिछाने धरौटीमा रिहा भए पनि अदालतको तारेखमा रहेका छन् । त्यसले मेयर साह आफूले नै सरकार र पार्टीको नेतृत्व चाहेका छन्। यद्यपि जेन- जीका अगुवाहरुले दुवैलाई मिलेर चुनावमा जान निरन्तर दबाब बनाइरहेका छन्।

साथी कुमार बेनको ज्वागल निवासमा मंगलबारदेखि भेटघाटमा व्यस्त मेयर बालेन शाहलाई भेट्न रास्वपा सभापति रवि लामिछाने बिहीबार दिउँसो पुगेका थिए।

दुई दिनअघि कमलपोखरीमा चलेको छलफलमा उठेका विषयलाई रविले बाहिर भिन्नै तरिकाले प्रस्तुत गरिदिएको भन्दै बालेन बिच्केका थिए।

रास्वपामा यसअघि नै पर्याप्त आकांक्षी रहेकाले ७०/३० को अनुपातमा समानुपातिक उम्मेदवार सूची तयार पार्नु पर्ने प्रस्तावमा बालेनले पर्याप्त चासो नदिएको स्रोतले जनाएका छन् । 'रविको प्रस्तावलाई मेयर साहले प्राथमिकतामा राखेनन्' स्रोतले भने।

रास्वपाको संगठन ५ सयभन्दा बढी पालिकामा खडा भइसकेको र गत चुनावमा १२ लाख समानुपातिक भोट पाइसकेको दल भएको



तर्क गर्दै रविले यसैमा मिलेर जाँदा सहज हुने गरेको तर्कमा बालेनले सहमति जनाएका छैनन् । तर उनले जेन- जी विद्रोहको केन्द्रमा आफ्नो नामबारे भएको आम छलफललाई बैठकमा सांगठनिक शक्तिका रुपमा मान्यता दिइनुपर्ने कुरा राखेको स्रोतले जनाएका छन् ।

'मैले चाहेको भए यति बेला यो बैठक नै बालुवाटारमा हुन सक्थ्यो, तर मैले प्रधानमन्त्री बन्ने सटकट रोजिन् 'स्रोतले भने, 'आम मान्छेले चाहेको एकता गरौँ। रविको संगठनात्मक तर्कप्रति बालेनले भने, जेन- जीहरुलाई पनि मैले भेटेको छु, उनीहरुको भावना अनुसार अघि बढ्ने मोडल बनाउनुपर्छ । दलको मात्रै शक्ति हेरेर हुँदैन।'

समानुपातिक तर्फको उम्मदेवारको बन्द सूची दलहरुले १३ र १४ गते निर्वाचन आयोगमा बुझाइ सक्नु पर्ने कार्यतालिका छ।

बालेनले साँझ जेन- जीका प्रतिनिधिसंग भेटेका हुन् । भेटघाटको क्रममा हामी नेपालका संयोजक सुधन गुरुङ पनि सहभागी थिए। जेन- जी प्रतिनिधिहरुका अनुसार नयाँ भनिएका राजनीतिक र शक्तिहरू मिलेर जानुपर्ने सुझाव बालेनलाई दिएको छ। आफू दलीय राजनीतिमा आएको जानकारी दिँदै बालेनले जेन- जी रक्षा बमलाई सबै जेन- जीलाई एक भएर आउन आग्रह गरेका थिए।

सामाजिक सञ्जालहरुमा सार्वजनिक भएको जानकारी अनुसार बालेनसंगको छलफलमा मध्यरातसम्म डा. भगवान कोइराला, राप्रपा नेता ज्ञानेन्द्र शाही, सरसरफाइ तथा युवा अभियन्ता केपी खनाल, जेन- जी फ्रन्टकी संयोजक रक्षा बम, अभियन्ता सागर ढकाल, पूर्वसचिव भीम उपाध्याय, पूर्व विवकेशील साझाका नेता मिलन पाण्डे, कलाकार निश्चल बस्नेत, पत्रकार ऋषि धमला, सञ्चार उद्यमी कैलाश सिरोहिया, सञ्चारकर्मी सुरजसिंह ठकुरीसहित रहेका थिए। पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराई, प्रखर वक्ताको रुपमा परिचित निवर्तमान सांसद डा.अमरेश कुमार सिंह लगायतका नेताहरुले पनि बालेनसित छलफल गरेका छन् ।

नेपाली कांग्रेसका नेता सुनिल शर्मा लगायतका नेताहरुसित पनि मेयर बालेन साहको छलफल भएको बताइएको छ । साहले विभिन्न पक्षसितको छलफललाई घनिभूत रुपमा अगाडि बढाएका छन् ।

### अर्थमन्त्री खनालको मधेश दौडाहा

# विकासप्रतिको चासोदेखि अस्पताल स्तरोन्नतिसम्मको प्रतिवद्धता

**टुडे समाचारदाता**

जनकपुरधाम । अर्थमन्त्री रामेश्वर खनाल मधेश प्रदेशको विभिन्न स्थलको एकैदिनमा अवलोकन, अनुगमन तथा भेटघाटमा व्यस्त देखिएका छन् ।

मधेश प्रदेशको राजधानी जनकपुरधाम, सिरहाको लहानसहितको विभिन्न ठाउँको अवलोकन, अनुगमन तथा भेटघाटका क्रममा राजनीतिक, आर्थिकदेखि मधेश विकाससम्मका सवालमा अर्थमन्त्री खनालले सकारात्मक देखिएका छन् ।

मधेश प्रदेशको राजधानी जनकपुरधाममा बिहीबार मधेश भवनमा आयोजित भेटघाटको क्रममा मुख्यमन्त्री कृष्णप्रसाद यादवसंग अर्थमन्त्री खनालले वर्तमान सरकार म्याण्डेटअनुसार फागुन २१ गते निर्वाचन गराउन तयार रहेको र घोषित मितिमै निर्वाचन सम्पन्न हुने दाबी गरे ।

सो क्रममा मुख्यमन्त्री यादव तथा मधेश प्रदेशका अर्थमन्त्री महेशप्रसाद यादवले अर्थमन्त्री खनालसंग मधेश प्रदेशलाई संघीय सरकारले दिँदै आएको विभिन्न प्रकारको अनुदान रकम बढाउनका लागि माग गरे ।

मधेश प्रदेश सरकारले अर्थमन्त्री खनाललाई मधेश प्रदेशको मानव सूचकांक कमजोर रहेकाले सोही आधारमा अनुदान रकम बढाउनका लागि माग गर्दै आग्रह गरे ।

सो अवसरमा प्रदेश सरकारले राजश्व कार्यालयहरूलाई यथावत् रूपमा राख्नुपर्ने र मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले सञ्चालन गर्दै आएको एमबिबिएसको कार्यक्रममा संघ सरकारले दिनुपर्ने आर्थिक अनुदान नदिएको विषयमा अर्थमन्त्री खनाललाई ध्यानाकर्षण गराएको मधेश प्रदेशका अर्थमन्त्री यादवले जानकारी दिए ।

एमबिबिएस कार्यक्रम सञ्चालनमा वर्षेनी रूपमा २० करोड रुपैयाँ रकम प्रदेश सरकारको खर्च हुँदै आएको छ ।

मधेश प्रदेश सरकारको आन्तरिक श्रोतलाई बढाउनका लागि संघले उठाउँदै आएको राजश्वका कतिपय क्षेत्रमा प्रदेश सरकारलाई स्वायतता दिनुपर्ने माग पनि अर्थमन्त्री खनालसमक्ष राखिएको उनले बताए ।

उक्त बैठकमा अर्थमन्त्री खनालले प्रदेश सरकारबाट प्रदेशको आर्थिक विकास तथा समृद्धिका लागि व्यक्त भएको चिन्ताप्रति संघ सरकार सकारात्मक भएको बताए ।

उनले प्रदेश सरकारबाट विभिन्न विषयहरूमा भएको मागप्रति सङ्घ सरकार सकारात्मक भएको र यसको सम्बोधनको



> **देशको अर्थतन्त्रलाई सवल बनाउन विधिको शासन, प्रणालीगत सुधार र आचरणमा परिवर्तन आवश्यक रहेकोले परिवर्तनलाई संस्थागत गर्न जेन- जी आन्दोलनमा उठेको माग सम्बोधन गर्न फागुन २१ गते हुने चुनावमा परिवर्तनकारी शक्तिको नेतृत्वमा सरकार गठन हुनुपर्ने माग गरे ।**

प्रयास गरिने बताए ।

उक्त क्रममा अर्थमन्त्री खनालले जेन- जी आन्दोलनपछि गठित वर्तमान सरकार चुनाव गराउने प्रमुख दायित्व रहेकोले चाहेर पनि सोचे अनुसार अर्थतन्त्रमा सुधार हुन नसके पनि सुशासन स्थापना, भ्रष्टाचार नियन्त्रण गर्न काम गरिरहेको बताए ।

देशको अर्थतन्त्रलाई सवल बनाउन विधिको शासन, प्रणालीगत सुधार र आचरणमा परिवर्तन आवश्यक रहेकोले परिर्वतनलाई संस्थागत गर्न जेन- जी आन्दोलनमा उठेको माग सम्बोधन गर्न फागुन २१ गते हुने चुनावमा परिवर्तनकारी शक्तिको नेतृत्वमा सरकार गठन हुनुपर्ने माग गरे ।

मधेश भवनमा भएको भेटघाट कार्यक्रममा नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता भरत प्रसाद साह, नेता युवराज भट्टराईलगायतका नेताहरूको उपस्थित रहेको थियो ।

त्यस्तै सिरहाको लहानस्थित रामकुमार शारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पताल परिसरमा बिहीबार नै आयोजित जग्गा हस्तान्तरण तथा सम्मान कार्यक्रममा बोल्दै अर्थमन्त्री खनालले अस्पतालको सेवा विस्तारसहित स्तरोन्नतिका लागि अहिलेको बजेट परिधिमा रहेर स्वास्थ्य मन्त्रालयको बजेटबाट केही गर्न सकिने बताए ।

उक्त कार्यक्रममा मुख्यमन्त्री यादवले मानवीय सेवाका लागि जग्गासहित अस्पताल भवन बनाएर दाता परिवारले सबैको मन जितेको बताए । उनले अस्पताललाई ट्रमा सेन्टरको रुपमा विकास गर्न सकिने बताए । उनले भने, 'प्रदेशमा चुनौती र आवश्यकताहरुका चाङ छन्,' उनले अघि थप्दैं भने, 'वर्तमान सरकारले निश्चित कार्यसूची बनाएर मधेश प्रदेशको समस्या सम्बोधनका लागि विशेष ध्यान दिन आग्रह गर्दछु ।'

अस्पतालको थप विकासका लागि विनियोजित बजेटबाट थप बजेट दिन नमिल्ने प्रावधान रहेको मन्त्री खनालले भन्दै स्वास्थ्य मन्त्रालय र मधेश प्रदेशको बजेटबाट यस अस्पतालमा ट्रमा सेन्टर सञ्चालनको लागि पहल गरिने विश्वास व्यक्त गरे । अर्थमन्त्री खनालले सरकारी स्वामित्वका अस्पतालहरूको स्तरोन्नति गर्न तीनै तहका सरकारको सहकार्य आवश्यक रहेको बताए ।

लहान नगरपालिकाले पनि अस्पतालका लागि स्रोत छुट्यायो भने संघ, प्रदेश र स्थानीय ससरकारको सहकार्यमा सुविधासम्पन्न अस्पताल बनाउन सकिने उनले बताए ।

उक्त कार्यक्रममा अर्थमन्त्री खनालसहित मुख्यमन्त्री यादव, प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्री जंगीलाल रायले अस्पतालका जग्गादाता पवनकुमार शारडा र मुरारीलाल मुरारकालाई दोसल्ला ओढाएर सम्मान गरे ।



# सडक स्तरोन्नति कार्य स्थानीयद्वारा रोक्का

**टुडे समाचारदाता**

राजविराज । भारतले पश्चिमी कोशी नहरको स्तरोन्नति तथा सडक विस्तार गर्ने कार्य सप्तरीका सयौँ विपन्न परिवार उठीबास हुने जोखिम बढेपछि स्थानीयले रोकेका छन् ।

विपन्न परिवार विस्थापित हुने गुनासो बढेपछि प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले बुधबार दिउँसो सम्बन्धित स्थानीय तहका प्रमुख तथा भारतीय पक्षका प्रतिनिधिलाई छलफलका लागि बोलाएका थिए ।

तर योजना कार्यान्वयन गरिरहेको भारतको बिहार राज्यस्थित सुपौल जिल्लाको पश्चिमी कोशी नहर प्रमण्डल कुनौलीका कार्यपालक अभियन्ताको कार्यालय तथा निर्माण कम्पनीका प्रतिनिधि बैठकमा उपस्थित नभएपछि छलफल स्थगित भएको थियो ।

बैठकमा भारतीय पक्ष उपस्थित नहुँदा बिहीबार दिउँसो हनुमाननगर कंकालिनी नगरपालिकाका नगर प्रमुख वीरेन्द्र माझीको नेतृत्वमा स्थानीयले सोही नगरपालिका-१ भारदह क्षेत्रमा भइरहेको नहर स्तरोन्नति तथा सडक विस्तार कार्य रोकेका हुन् ।

नगर प्रमुख माझीका अनुसार भारतीय पक्षले कति क्षेत्रसम्म, कस्तो प्रकारको काम गर्ने भन्नेबारे स्थानीय तहलाई कुनै जानकारी नदिई एकपक्षीय रूपमा काम अघि बढाएको छ ।

उनले नहर स्तरोन्नति र सडक विस्तारको काम पारदर्शी रूपमा हुनुपर्ने र कोशी सम्झौताअनुसार कार्यान्वयन गर्नुपर्नेमा जोड दिए । नहर स्तरोन्नति तथा त्यससँगै भइरहेको सडक विस्तारका कारण हनुमाननगर कंकालिनीसँगै डाक्नेश्वरी र राजविराज नगरपालिका तथा महादेवा, छिन्नमस्ता, विष्णुपुर, राजगढ र तिलाठी कोइलाडी गाउँपालिकाका सयौँ विपन्न परिवार विस्थापित हुने जोखिममा परेका छन् ।



# सामुदायिक विद्यालयमा विद्यार्थीसँग कुनै पनि शुल्क लिन नपाइने




**टुडे समाचारदाता**

जनकपुरधाम । सामुदायिक विद्यालयमा विद्यार्थीसँग विभिन्न वाहानमा लिइदै शुल्क अब कुनै पनि शुल्क लिन नपाइने भएको छ। सर्वोच्च अदालतले सामुदायिक विद्यालयका विद्यार्थीहरूसँग शुल्क नउठाउन परमादेश जारी गरेपछि शुल्क उठाउन नपाइने भएको हो । निःशुल्क शिक्षा व्यवहारमा लागू नभएको भन्दै अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु)को जिल्ला कार्य समिति काभ्रेका निवर्तमान अध्यक्ष मिलन गौतमसहितले दायर गरेको रिटमा सर्वोच्चले आइतबार यस्तो फैसला सुनाएको हो ।

सर्वोच्च अदालतका प्रवक्ता अर्जुन कोइरालाका अनुसार विद्यालयले भर्ना, परीक्षा, अतिरिक्तगतिविधिलगायत विभिन्न शीर्षकमा शुल्क उठाउन पाउने छैनन् । २०८० फागुन ३ गते काभ्रेका सबै पालिका, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाएर रिट दायर भएको थियो ।

अनेरास्ववियुका जिल्ला उपाध्यक्ष आयुष बडाल, सचिव प्रविन पौडेल लगायतले काभ्रेमा कानुनी सहायता तथा विद्यार्थी अभिमुखीकरण कार्यक्रम गर्दा विद्यार्थीहरूले मौलिक हक प्राप्त गर्न नसकेको गुनासो सुनेपछि यो विषय सर्वोच्च प्रवेश गराएका थिए ।

निःशुल्क र अनिवार्य शिक्षा संविधानले नै प्रत्याभूत गरेको भन्दै सर्वोच्चका न्यायाधीशहरू नहकुल सुवेदी र महेश शर्मा पौडेलको इजलासले विद्यार्थी र अभिभावकसँग कुनै पनि शीर्षकमा शुल्क नउठाउन भनेर परमादेश जारी गरेको हो । 'निःशुल्क र अनिवार्य शिक्षा भनेर संविधानले नै ग्यारेन्टी गरेको अवस्था छ त्यसो हुँदा कुनै पनि बहानामा अभिभावक र विद्यार्थीसँग शुल्क लिन पाइँदैन,' कोइरालाले भने 'संविधानले नै ग्यारेन्टी गरेको हुनाले अधिकारलाई प्रत्याभूत गर्ने दायित्व राज्यको हो भनेर परमादेश भएको छ ।'विद्यालय सञ्चालन गर्न अप्ठेरो भयो भन्दैमा कुनै पनि शीर्षकमा विद्यार्थी र अभिभावकसँग शुल्क लिन अब नपाइने उनले बताए ।

'विद्यालयलाई अप्ठेरो परेको भए सञ्चालन गर्ने जिम्मा राज्यको हो, बजेट विनियोजन गर्ने दायित्व पनि राज्यकै हो भनेर परमादेश भएको छ,' उनले भने । संविधानको धारा ३१ मा रहेको शिक्षासम्बन्धी हकमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने भनेर उल्लेख छ ।

# बरियारपट्टी छोटी भन्सार स्तरोन्नतिको माग गर्दै अर्थमन्त्रीलाई ज्ञापनपत्र




सिरहा । सिरहाको बरियारपट्टी गाउँपालिका-३ मा रहेको छोटी भन्सार कार्यालय बन्द गरिने चर्चा चलिरहेका बेला स्थानीयवासी, जनप्रतिनिधि तथा जेनजी युवाले भन्सार कार्यालय यथावत् राखी स्तरोन्नति गर्न माग गर्दै अर्थमन्त्री रामेश्वरप्रसाद खनाललाई ज्ञापनपत्र बुझाएका छन् ।

लहानस्थित रामकुमार शारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पतालको जग्गा हस्तान्तरण तथा सम्मान कार्यक्रममा विहीबार जेनजी युवाको तर्फबाट शिव यादव, सन्तोष यादवलगायतले अर्थमन्त्री खनाललाई ज्ञापनपत्र हस्तान्तरण गरेका हुन् ।

ज्ञापनपत्र बुझाउँदै जेनजी युवा सन्तोष यादवले भन्नुभयो, "शिव यादवलगायत यहाँका आम युवाले पहिलेदेखि नै बरियारपट्टी छोटी भन्सार स्तरोन्नतिका लागि पहल गरिरहनुभएको छ । आशा छ, यो भन्सार छिट्टै स्तरोन्नति हुन्छ ।

चार पाङ्ग्रे सवारीसाधनको आवतजावत खुलेपछि यस क्षेत्रका नागरिक र व्यापारीलाई ठूलो सहयोग पुग्नेछ ।"

स्थानीयका अनुसार बरियारपट्टी छोटी भन्सार कार्यालय बरियारपट्टी बजारको मध्य भागमा अवस्थित छ ।

यस भन्सारबाट सिरहा जिल्लासहित आसपासका लाखौँ नागरिक प्रत्यक्ष रूपमा लाभान्वित हुँदै आएका छन् । बरियारपट्टी, औरही, अर्नामा, नवराजपुर, लक्ष्मीपुर पतारी गाउँपालिका तथा सुखिपुर, धनगढीमाइ, गोलबजार र लहान नगरपालिकाका केही वडाका नागरिक तथा साना-ठूला व्यापारीहरूले यस भन्सारमार्फत घरायसी तथा व्यावसायिक सामग्रीको आयात-निर्यात गर्दै आएका छन् ।

भौगोलिक रूपमा नेपालतर्फको बरियारपट्टी बजार र भारततर्फको लदनियाँ बजार सिधैँ जोडिएको हुँदा यस भन्सारको आर्थिक तथा व्यापारिक महत्व उच्च रहेको स्थानीयको भनाइ छ ।

भन्सार कार्यालयले गत आर्थिक वर्ष २०८१/८२ मा रु ७० लाख छ हजार राजस्व सङ्कलन गरेको तथ्याङ्क उल्लेख गरिएको छ । ज्ञापनपत्रमा बरियारपट्टी छोटी भन्सार कार्यालय बन्द नगरी यथावत् सञ्चालन गर्न, आवश्यक पूर्वाधार निर्माण गरी स्तरोन्नति गर्न र चार पाङ्ग्रे सवारीसाधन सञ्चालनको व्यवस्था मिलाउन सम्बन्धित निकायले तत्काल पहल गर्नुपर्ने माग गरिएको छ ।रासस

# इँटाभट्टा दबिएका बाल सपना



काठमाण्डु । चाँगुनारायण नगरपालिका-९ ताथलीस्थित इँटाभट्टामा दाङ घोराहीका १४ वर्षे सागर घर्ती बिहान पाँच बजे काममा तल्लिन छन् । उनी चिसो बिहानीमा चिसो माटोलाई साँचोमा राखेर इँटा बनाइरहेका छन् ।

घर्तीको सपना भविष्यमा पुलिस बन्नु हो । तर पढाइ लेखाइ गर्ने समयमा उनी बुवालाई साथ दिन काठमाडौँ आइपुगेका छन् । आर्थिक अवस्था कमजोर भएपछि बुवाको साथ लागेर आफू पैसा कमाउन यहाँ आएको उनले सुनाए। यहाँ कमाएको पैसाले घरमा रहेकी आमाको उपचार र बहिनीलाई पढाउन खर्च हुने उनको भनाइ छ। कक्षा ५ सम्म पढेका सागरलाई अझै पनि पढ्ने इच्छा छ । गत वर्ष पढाइलाई निरन्तरता दिन बुवा, आमा, बहिनीसँगै घर फर्किएका थिए । तर यस वर्ष भने फर्कने टुङ्गो छैन । सर्लाही रानीघाँटबाट आमाबाबुसँगै भक्तपुरको इँटाभट्टामा आइपुगेकी ११ वर्षीया रामप्यारी विकको भविष्य पनि सागरको जस्तै साँघुरो झ्याउलीको कुनामा कोचिएको छ ।

झ्याउलीको बसाइ, गरिबीको पीडा र तीन जना सन्तानमध्येकी जेठी उनी १० वर्ष हुँदा गतवर्ष पनि यही इँटा भट्टाको झ्यालीमा ६ महिना आमाबाबुसँगै बसेर फर्किएकी थिइन् । यहाँ उनको दैनिकी भाइबहिनीको रेखदेख गर्ने र अपराह्नपछि बिहान बनाएको इँटा पल्टाउने र सुकाउँदै बित्ने गरेको छ । त्यस काम गरेवापत उनले छुट्टै पारिश्रमिक भने पाउँदिनन् । उनले गरेको कामको पारिश्रमिक पनि बाबुले लिएको ठेक्कामै परेको छ । रामप्यारीको बुबा कान्छा विक छोरीलाई बालश्रममा लगाएको स्वीकार गर्नु हुन्न ।

त्यसैगरी आमाबुवासँग रोल्पादेखि आएकी १५ वर्षीया जुनकिरी सार्कीको कथा पनि उस्तै छ। उत्कट पढ्ने इच्छा हुँदा हुँदै उनी इँटाभट्टाको धूलोसँगै पढ्ने उमेर बिताउनुपरेको छ । चाँगुनारायण नगरपालिका-८ सुडालस्थित एक इँटाभट्टामा काम गर्न थालेको पाँच वर्ष बितिसक्दा उनको पढ्ने चाहनाले पूर्णता पाएन ।

बुवाआमासँगै इँटाभट्टामा आइपुगेकी उनले मङ्सिरदेखि वैशाखसम्म इँटाभट्टाकै झ्याउलीमा बस्ने, इँटा पार्ने, बोक्ने काम गर्दै आएकी छिन् । जुनकिरी भन्छिन्, "पढ्ने चाहना त छ तर आमाबाबुको कमाइले ऋण तिर्नै पुग्दैन ।"

नाइकेको लहलहैमा तीन वर्ष अगाडि इँटाभट्टा प्रवेश गरेका १४ वर्षीय मने अर्थात मनबहादुर खड्का अब पढेर के हुन्छ र भन्ने अवस्थामा पुगेका छन् । भकुण्डेवेँसीमा रहेको परिवार छाडेर पैसा कमाउने रहरमा इँटाभट्टामा छिरेका उनले छ महिना इँटा भट्टामा र छ महिना बसका खलासीका काम गर्दै आएका छन् ।

"यहाँ खान पाइएकै छ, दुई चार सय भए पनि पैसा खेलाउन पाएको छु, कहिले इँटाभट्टा त कहिले खलासी गरिरहेको छु, मेरो सपना त ड्राइभर बन्ने हो ।"

इँटा बोक्दै गरेकी १७ वर्षीया टुल्की विकलाई सबैभन्दा ठूलो चिन्ता एक वर्षकी एउटा छोरीको छ । श्रीमान्सँगै इँटाभट्टामा काम गर्दै आएकी विकलाई ठेक्का लिएको इँटा सबै सिध्याउँदा पाए हातमा रकम लिएर गाउँ फर्कन पाउने आशा उनको मनमा छ । एक अध्ययनअनुसार देशभरिका इँटाभट्टामा करिब २८ हजार बालश्रमिक छन् । भक्तपुरका इँटाभट्टा मात्रै ५०० भन्दा बढी बालबालिका छन् । त्यसो त भक्तपुरका चार वटा इँटाभट्टालाई बालश्रममुक्त घोषणा गरिएको पाँच वर्ष भयो । तर कुनै अनुगमन छैन । अहिले तिनै इँटाभट्टामा बालश्रमिक छन् । नियमनकारी निकाय नहुदाँ बालश्रम रोक्न सकिएको छैन ।

इँटा व्यवसायी सङ्घ भक्तपुरका अध्यक्ष नातीभाई ह्याम्बाले इँटाभट्टालाई बालश्रम मुक्त बनाउन खोजे पनि अभिभावकसँगै आउने बालबालिकालाई रोक्न नसकिएको बताउनुहुन्छ । रोल्पा, दाङ, रुकुम, सर्लाही, रामेछाप, सिन्धुपाल्चोक,काभ्रेपलाञ्चोकलगायतका जिल्लाबाट मजदुरसँगै आउने बालबालिकालाई काम नलाउ भने पनि अभिभावकले काम लगाउने गरेको व्यवसायीको गुनासो छ ।

अहिले बालबालिकाको पढाइका लागि स्कुल पठाउने व्यवस्था गरेको बताउँदै नाइकेसँगै आउने बालबालिकालाई काममा नलगाउने गरेपछि आउन छाडेको उहाँ बताउनुहुन्छ । इँटाभट्टामा पहिलाको जस्तो बालश्रम नरहेको उहाँको दाबी छ । बालश्रमको क्षेत्रमा विगत ३१ वर्षदेखि काम गर्दै आएको संस्था समाज सेवा तथा मानवअधिकारमा महिला र बालबालिका (सिविस) की अध्यक्ष विमला ज्ञवालीले अहिले ११ लाख बालबालिका कुनै न कुनै श्रममा आबद्ध रहेको बताउनुहुन्छ ।

आफ्नो संस्थाले बालश्रम रोक्नलाई गाउँमै अभिभावकलाई स्वरोजगार बनाउने कार्यक्रमसमेत रामेछाप, सिन्धुपाल्चोकलगायतमा सुरु गरेको बताउँदै सरकारले अभिभावकलाई गाउँमै स्वरोजगार बनाउन सके बालश्रम रोक्न सहज हुने बताउनुहुन्छ ।

बाल अधिकारकर्मी युवराज घिमिरेले नेपालमा अहिले पनि करिब दुई लाख बालबालिका जोखिमपूर्ण श्रममा संलग्न रहेको बताउनुहुन्छ ।रासस

# वन क्षेत्रलाई फोहोर डम्पिङ बनाइँदै



**टुडे समाचारदाता**

रौतहट । बाराको कोल्हवी नगरपालिकाको क्षेत्रमा पर्ने राष्ट्रिय वनभित्र निजगढ नगरपालिकाले वर्षौँदेखि आफ्नो नगरभित्रको फोहोर डम्पिङ गर्दै आएको खुलेको छ ।

राष्ट्रिय वन क्षेत्रमा निरन्तर फोहोर थुपारिँदा वातावरणीय जोखिम बढ्दै गए पनि सम्बन्धित निकायको चासो र दीर्घकालीन समाधान नदेखिएको भन्दै स्थानीय तह र सरोकारवालाहरूले आपत्ति जनाएका छन् ।

डेढ-दुई वर्षअघिनै निजगढ नगरपालिकाका मेयर सुरथ पुरीलाई मौखिक जानकारी गराउँदा गम्भीरतापूर्वक लिएर दीर्घकालीन समाधानतर्फ अघि बढ्ने प्रतिबद्धता जनाएको स्थानिय सञ्चारकर्मी अशेष ढुङ्गानाले बताएका छन् ।

तर वर्षौं बितिसक्दा समेत फोहोर व्यवस्थापनमा सुधार नआएको उनको आरोप छ पछिल्लो पटक पुनः जिज्ञासा राख्दा मेयर पुरीले उक्त क्षेत्र आफ्नै भूमि भएको दाबी गर्दै विषयलाई ठूलो नबनाउन सुझाव दिएको स्थानीयहरुको भनाइ छ ।

उता, यस विषयमा कोल्हवी नगरपालिकाका मेयर रामप्रसाद चौधरीले राष्ट्रिय वन क्षेत्रमा गरिएको डम्पिङ ल्यान्डफिल्ड आफ्नो नगरपालिकाको भूमि भएको दाबी गरेका छन्। अन्तरपालिका स्तरीय छलफलका क्रममा केही विषय उठान भए पनि दीर्घकालीन समाधानका लागि ठोस छलफल नहुँदा आफ्नै क्षेत्रसँगै राष्ट्रिय वन दुर्गन्धित बनेकोप्रति आपत्ति प्रकट गरेका छन् ।

> फोहोर गरेको पाइए कानुनी प्रक्रिया अघि बढाइने प्रमुख झाले चेतावनी दिएका छन् ।

वडा २ का वडा अध्यक्ष गोपालप्रसाद अधिकारीले पनि आफ्नो क्षेत्रभित्र पर्ने राष्ट्रिय वन क्षेत्रमा फोहोर थुपारिएको विषयमा मेयर चौधरीलाई जानकारी गराए पनि हालसम्म स्थायी समाधान नआएको गुनासो गरेका छन् ।

यसैबीच, डिभिजन वन कार्यालय बाराले फोहोर नगर्न निजगढ नगरपालिकालाई औपचारिक पत्र काटेको छ। डिभिजन वन कार्यालयका प्रमुख राजीव झाका अनुसार सब-डिभिजन वन कार्यालय तामागढीले मंसिर २९ गते राष्ट्रिय वन क्षेत्रमा फोहोर नफाल्न चेतावनीसहित पत्र पठाएको हो। फोहोर गरेको पाइए कानुनी प्रक्रिया अघि बढाइने प्रमुख झाले चेतावनी दिएका छन् ।

तर, वन कार्यालयको पत्रपछि पनि निजगढ नगरपालिकाले बेवास्ता गर्दै राष्ट्रिय वनभित्र फोहोर थुपारिरहेकाले त्यसले पार्ने वातावरणीय असरप्रति स्थानियहरुको गम्भीर चासो बढेको छ। वन क्षेत्रमा चरन गर्ने घरेलु तथा जंगली जनावरहरू समेत प्रत्यक्ष रूपमा प्रभावित भइरहेका छन् ।

राष्ट्रिय वन संरक्षण र वातावरणीय सन्तुलनका लागि यस विषयमा सम्बन्धित वन कार्यालय, स्थानीय वडा र नगरपालिका स्तरबाट चासोका साथ दीर्घकालीन समाधान खोज्नुपर्ने आवश्यकता देखिएको छ ।

## निर्वाचनको वातावरण बनाउनुपर्नेमा उपसभापति गुरुङको जोड



काठमाण्डु ।नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङले निर्वाचनको वातावरण बनाउनुपर्नेमा जोड दिनुभएको छ।

सानेपास्थित पार्टी कार्यालयमा विहीबार अपराह्न सञ्चारकर्मीहरूसँग कुरा गर्दै उहाँले मुलुकमा निर्वाचनको वातावरण बनिनसकेको बताउनुभयो । ढुक्क भएर चुनावमा जान सक्ने अवस्था सृजना भइनसकेकाले सरकार निर्वाचनको विश्वसनीय वातावरण बनाउनेतर्फ लाग्नुपर्नेमा उहाँले जोड थियो। "निर्वाचनको विश्वसनीय वातावरण नबनेकाले संसद् पुनःस्थापनाको आवाज उठेको हो," उहाँले भन्नुभयो ।

उपसभापति गुरुङले सबै मिलेर निर्वाचनमा जानुपर्ने, त्यो निर्विवाद रुपमा हुनुपर्ने र निर्वाचनमा नै सरकारको अर्जुनदृष्टि हुनुपर्ने सुझाव दिनुभयो। रासस


**माइग्रेशन हरायो**

मेरो निम्न ब्यहोरा भएको डिप्लोमा इन कम्प्युटर इन्जिनियरीङ्गको माइग्रेशन मिति २०८२/०८/०६ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

नाम : रिंकी कुमारी गुप्ता
सिम्बोल नं.: ९६००४०१
रजिष्ट्रेशन नं.: DCOm-1505-09
ठेगाना:जि.म. लोहारपट्टी न.पा.-७
मो.नं. ९८०७६३९०३१



**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : हतारमा निर्णय लिने बानीले अप्ठयारो पार्ने हुँदा सजग रहनुहोला ।
वृष : आफन्तको सान्निध्य र अभिभावकको स्नेह प्राप्त हुनेछ ।
मिथुन : नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरु बढ्नेछन् ।
कर्कट : पहिलेको आम्दानी प्राप्त हुनाले उत्साह जाग्नेछ ।
सिंह : आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ ।
कन्या : प्रतिकूल परिस्थितिले चिन्ता बढाउन सक्छ ।
तुला : बाध्यात्मक परिस्थितिले इच्छाशक्ति कुण्ठित हुनेछ ।
वृश्चिक : केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला ।
धनु : भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ ।
मकर : परिस्थिति सोचेजस्तो नहुनाले फाइदा कम हुनेछ ।
कुम्भ: पुरानो सम्झौता तोड्नुपर्ने हुन सक्छ ।
मीन : परिश्रम अनुसार राम्रो परिणाम प्राप्त हुनेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**


बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सञ्चालनमा आउनुअघि नै भाँसिएर करिब १३ वर्षदेखि निर्माणाधीन रहेको धनुषा-सिरहा जोड्ने कमला पुलको पुनर्निर्माण गर्दै ठेकेदार कम्पनी पप्पु-लुम्बिनी जेभी। २०८३ असार मसान्तसम्म निर्माण सम्पन्न गरी सरकारलाई हस्तान्तरण गर्ने कम्पनीको तयारी छ। *तस्बिरः अमरेन्द्रकुमार यादव*

# वीरगञ्ज हुँदै ४० अर्बका सामान निर्यात

वीरगञ्ज । वीरगञ्ज हुँदै चालु आर्थिक वर्षको पाँच महिनामा रु ३९ अर्ब ९७ करोड मूल्यका वस्तु तथा सामान निर्यात भएको छ । गत आवको पाँच महिनाको तुलनामा चालु आवको सोही अवधिमा यो नाका हुँदै ८९ प्रतिशतअर्थात् रु १८ अर्ब ७९ करोड बढीको निर्यात भएको हो ।

जबकी गत आवको पाँच महिनामा भने रु २१ अर्ब १८ करोड मूल्यका वस्तु तथा सामान विदेशी मुलुकमा निर्यात भएको थियो । वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकृत उदयसिंह विष्टले चालु आवको पाँच महिनामा यो नाका हुँदै हुने निर्यातमा उल्लेखनीय वृद्धि भएको बताउनुभयो ।




चालु आवको पाँच महिनामा रु २० अर्ब ७६ करोड मूल्य पर्ने भटमासको तेल प्रशोधित निर्यात भएको छ । त्यस्तै रु तीन अर्ब सात करोड मूल्य पर्ने फलफूलको जुस निर्यात भयो । रु दुई अर्ब ८७ करोड मूल्य पर्ने सूर्यमुखीको प्रशोधित तेल, रु एक अर्ब ९७ करोड मूल्य पर्ने प्रशोधित पाम तेल निर्यात भएको छ। त्यस्तै रु एक अर्ब ५० करोड मूल्य पर्ने विभिन्न किसिमका कपडाहरु पनि निर्यात भएको कार्यालयले जनाएको छ ।रासस

## सिरहामा बालिका हत्याः तीन सातासम्म दोषीको पहिचान भएन




सिरहा । सिरहाको कर्जन्हा नगरपालिका-१ बल्टिया गाउँकी करिब १७ वर्षीया अविना दनुवारको हत्या भएको तीन साता बितिसक्दा पनि  प्रहरीले घटनामा संलग्न दोषीको पहिचान गर्न सकेको छैन । दोषी सार्वजनिक नहुँदा पीडित परिवारसँगै स्थानीय बासिन्दामा आक्रोश बढ्दै गएको छ ।

गत मङ्सिर २२ मा दनुवारको शव कर्जन्हा नगरपालिका-२ बन्दीपुरस्थित नेपाल राष्ट्रिय फूलकुमारी माध्यमिक विद्यालय नजिकैको झाडीमा फेला परेको थियो । घटनापछि हालसम्म मुख्य अभियुक्त पत्ता नलाग्दा पीडित परिवारले न्याय नपाएको गुनासो गरेका छन् ।

मृतककी आमा दयावती दनुवारले छोरीको हत्यापछि दोषी नसमातिँदा आफूहरू थप अन्यायमा परेको बताउनुभयो । उहाँले भन्नुभयो, “छोरी गुमाएको पीडा त छँदै छ, तर दोषी नसमातिँदा झन् ठूलो अन्याय भएको महसुस भइरहेको छ । पहुँच भएकाहरूको कुरा तुरुन्तै सुनिन्छ, हामीजस्ताको आवाज कसैले सुन्दैन ।”

स्थानीयका अनुसार बालिकाको शव अर्धनग्न अवस्थामा भेटिएकाले बलात्कारपछि हत्या गरिएको आशंका गरिएको छ । यस विषयमा कर्जन्हा-१ का वडाध्यक्ष फणीन्द्रप्रसाद पोखरेलले प्रहरीको ढिलाइप्रति चिन्ता व्यक्त गर्दै भन्नुभयो, “तीन साता बितिसक्दा दोषीको पहिचान नहुनु गम्भीर विषय हो । दोषीलाई तत्काल पक्राउ गरी कानुनी प्रक्रिया अघि बढाउनुपर्छ ।”

जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले अनुसन्धान जारी रहेको बताउनुभयो । यस विषयमा उहाँले प्रष्ट पार्दै भन्नुभयो, “घटनाको प्रकृति गम्भीर भएकाले विभिन्न कोणबाट सुक्ष्म अनुसन्धान भइरहेको छ । रासस

# क्षमता र सीपका आधारमा युवालाई उद्यमशील बनाउँदै रेमी

जनकपुरधाम । स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमार्फत वैदेशिक रोजगारीबाट फर्केका युवालाई सीप र क्षमता विकासका लागि विभिन्न किसिमका तालिम आयोजना गरी उद्यमशील बनाउने पहल थालिएको छ । वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको पुनःएकीकरण (रेमी) परियोजनाले स्थानीय तहसँगको समन्वयमा वैदेशिक रोजगारबाट फर्केका व्यक्तिलाई तालिम दिई क्षमता र सीपका आधारमा उद्यमशील बनाउने पहल थालेको हो ।

सङ्घीय सरकारले वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई समाजमा पुनः एकीकरणको जिम्मेवारी स्थानीय तहलाई दिएसँगै लक्ष्मीनियाँ गाउँपालिकासहित मधेस र कोशी प्रदेशका २० स्थानीय तहका रोजगार सेवा केन्द्रलाई रेमी परियोजनाले सहयोग गर्दै आएको छ। हेल्भेटास नेपालको प्राविधिक सहयोगमा नेपाल र स्विट्जरल्याण्ड सरकारको द्विपक्षीय पहलमा रेमी परियोजना सञ्चालन भइरहेको छ ।

लक्ष्मीनियाँ गाउँपालिकाको रोजगार सेवा केन्द्रले चार वर्ष अघि रेमी परियोजनामार्फत विदेशबाट फर्केका युवाका लागि सीपमूलक तालिम सञ्चालन गरेको थियो । सोही तालिम लिएपछि व्यावसायिक कृषि पेसामा यहाँका युवा सक्रियताका साथ लागेका छन् ।लक्ष्मीनियाँ-५ का जयकुमार यादव चार वर्षदेखि व्यावसायिक खेतीमा आवद्ध हुनुहुन्छ। उहाँ १४ वर्ष वैदेशिक रोजगारीका विभिन्न मुलुक बसी स्वदेश फर्केपछि व्यावसायिक खेतीमा आवद्ध हुनुभएको हो । उहाँले धान, गहुँ, दाल, मौसमी तथा बेमौसमी तरकारीखेतीबाट वार्षिक रु तीन लाख बचत गर्दै आउनुभएको छ ।

यादवले स्वदेशमा मेहनत गर्न सके मनग्य आम्दानी गर्न सकिने बताउँदै विदेशमा भन्दा स्वदेशमा पनि आम्दानीका स्रोत प्रशस्त बनाउन सकिने धारणा राख्नुभयो । गाउँपालिकाको रोजगार सेवा केन्द्रले आफूलाई सीप र क्षमता विकासका लागि तालिम दिएपछि व्यावसायिक कृषि पेसामा आवद्ध भएको उहाँको भनाइ छ । सात दिने र पाँच दिने गरी दुई पटक कृषिसम्बन्धी तालिम लिएर आफू व्यावसायिक तरकारीखेती गर्न लागेको उहाँले बताउनुभयो ।

लक्ष्मीनियाँ-५ का रामललित यादव पनि रोजगारीका लागि १३ वर्ष मुलुकबाहिर बस्नुभयो । सन् २००३ देखि सन् २०१६ सम्म साउदीअरब बसेर फर्केपछि रामललितले स्वदेशमै केही गर्ने योजना बनाउनुभयो । “सुरुमा परम्परागत खेतीमा लागेको थिएँ । पछि रेमी परियोजनामार्फत पालिकाको रोजगार सेवा केन्द्रले सात दिने र पाँच दिने गरी दुई पटक कृषिसम्बन्धी तालिम दिएपछि व्यावसायिक रूपमा बेमौसमी तरकारीखेतीमा लागेको हुँ”, रामललितले भन्नुभयो। लक्ष्मीनियाँ-६ का श्रीदेव यादव पनि विदेशबाट फर्केर रेमी परियोजनामार्फत तालिम लिएपछि व्यावसायिक कृषि पेसामा लाग्नेमध्ये एक हुनुहुन्छ। विदेशको पिडाभन्दा स्वदेशमा थोरै आम्दानी नै सन्तोषपूर्ण रहेको उहाँको बुझाइ छ । विदेशमा गर्ने मेहनत यहाँ गर्ने हो भने मनग्य आम्दानी गर्न सकिने उहाँले बताउनुभयो ।



गाउँपालिकाकी रोजगार परामर्शकर्ता शारदाकुमारी चौधरीका अनुसार वैदेशिक रोजगारीबाट फर्कने हरेक व्यक्तिले आफूले काम गरेको मुलुकबाट अनुभव, अनुशासन र सम्भावित लगानीका लागि पुँजी लिएर आउने भएकाले तालिममार्फत व्यावसायिक बनाउने पहल थालिएको हो।

वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको पुनः एकीकरण गर्ने रोजगार सेवा केन्द्रलाई सशक्त बनाउँदा युवा पुनः विदेशिने क्रम रोकिनुका साथै परनिर्भरताको चक्रबाट बाहिर निस्कन सक्ने उहाँले बताउनुभयो । विदेशमा आर्जन गरेको पुँजी, सीप, प्रविधि र अनुभव नेपालमा उद्यमशीलताको विकास तथा सीप प्रवर्द्धनमा उपयोगी हुने भएकाले रेमीमार्फत त्यस्तो वातावरण निर्माणको पहल थालिएको परामर्शकर्ता चौधरीलेबताउनुभयो।“परियोजनाअन्तर्गत गाउँपालिकामा विदेशबाट फर्केका व्यक्तिको तथ्याङ्क सङ्कलन गरेर सञ्जाल निर्माण गरिएको छ”, गाउँपालिकाका अध्यक्ष भोगेन्द्र मिश्रले भन्नुभयो, “सञ्जाल र समितिमा आवद्ध व्यक्तिले सिकेको सीपका आधारमा उद्यमका लागि सहयोग गरिरहेका छौं ।”

विदेशमा काम गरेर फर्किएका युवालाई समाजमा आर्थिक र सामाजिक रूपमा पुनः एकीकरण गर्न गाउँपालिकाले बजेट विनियोजन गरेको उहाँले जानकारी दिनुभयो । अध्यक्ष मिश्रका अनुसार परियोजना सञ्चालनका लागि गाउँपालिकाले कार्यालय स्थापना गरी आन्तरिक स्रोतबाट सञ्चालन गरिरहेको छ। विदेशबाट फर्केका व्यक्तिको पुनर्स्थापनाका लागि सञ्चालित यस कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिने अध्यक्ष मिश्रले प्रतिबद्धता जनाउनुभयो ।

प्रदेशको श्रम तथा यातायात मन्त्रालयका उपसचिव जयकुमार राउतका अनुसार मधेस प्रदेशका १० वटा स्थानीय तहमा सञ्चालित रेमी परियोजनाले वैदेशिक रोजगारबाट फर्केका व्यक्तिलाई पुनःएकीकरण गरेर उनीहरूलाई क्षमता र सीपको आधारमा उद्यमशील बनाउने पहल थालेको छ ।

लक्ष्मीनियाँ, मुखियपट्टी, मुसहरनिया र जनकनन्दनी गाउँपालिका, क्षीरेश्वरनाथ, सिराहा, मिर्चैया, राजविराज, जलेश्वर र पिपरा नगरपालिका तथा जनकपुरधाम उपमहानगरपालिकामा परियोजनामार्फत वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिलाई सामाजिक र आर्थिक रूपमा समाजमा पुनः एकीकरण गराउने काम भइरहेको उपसचिव राउतले जानकारी दिनुभयो । उहाँका अनुसार परियोजनाले रोजगारी सिर्जनासँगै हिंसामा परेकालाई पुनर्स्थापना लागि आवश्यक सहयोग गर्दै आएको छ ।रासस

# कांग्रेस नेता पौडेलद्वारा महामन्त्रीमा उम्मेदवारी दिने घोषणा

काठमाण्डु । नेपाली कांग्रेस नेता एवं पूर्वमन्त्री प्रदीप पौडेलले पार्टीको १५औँ महाधिवेशन महामन्त्री पदमा उम्मेदवारी दिने घोषणा गर्नुभएको छ ।

सञ्चारकर्मीसँग विहीबार भेटघाटका क्रममा उहाँले पार्टीको १४औँ महाधिवेशनमा आफूले महामन्त्रीमा प्रतिष्पर्धा गरेको भए पनि सफलता प्राप्त नभएको अवगत गराउँदै १५औँ महाधिवेशनमा महामन्त्रीमा नै प्रतिस्पर्धा गर्ने औपचारिक घोषणा गर्नुभएको हो ।पार्टीभित्र कुन समूहबाट उम्मेदवारी हुन्छ भन्ने जिज्ञासामा उहाँले भन्नुभयो, “महामन्त्रीको उम्मेदवार सभापतिसहितको समूहबाट हुने पार्टीमा अभ्यास छ, अहिले यही समूह भन्ने निश्चित त भइसकेको छैन, तर मुलुकको वतर्मान परि स्थिति र जनताको भावनाअनुसार पार्टीमा नयाँपन दिनसक्ने सक्षम नेतृत्वसहितको समूह हुन्छ ।”

सो अवसरमा नेता पौडेलले पार्टीको १५औँ महाधिवेशन सम्पन्न गरेर मात्र कांग्रेस नयाँ नेतृत्वका साथ आगामी फागुन २१ गते हुने आमनिर्वाचनमा जानुपर्ने बताउनुभयो ।

उहाँले महाधिवेशनबाट नयाँ नेतृत्व, जेनजी आन्दोलनको भावनाअनुसारको नीति र पार्टीलाई चलायमान बनाई पार्टी निर्वाचनमा होमिनुपर्नेमा जोड दिनुभयो । उहाँले आमनिर्वाचनले नै मुलुकको अहिलेको राजनीतिको दीर्घकालीन समाधान गर्ने बताउँदै निष्पक्ष, स्वतन्त्र र धाँधलीरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न सरकारले चुस्त सुरक्षाको व्यवस्था र आवश्यक अन्य काम गर्नुपर्ने उल्लेख गर्नुभयो ।



कांग्रेसले यही पुस २६ देखि २९ गतेसम्म काठमाडौँमा १५औँ महाधिवेशन गर्ने निर्णय गरेको छ । तर हाल तोकिएको मितिमा महाधिवशेनको कार्यतालिका प्रभावित भएपछि समयाभावका कारण महाधिवेशनको मिति केही पर धकेलिने निश्चित देखिएको छ । यही प्रसंगमा नेता पौडेलले पार्टीका आठ तहका निर्वाचनमध्ये हाललाई तीन तहका निर्वाचन सम्पन्न गरेर भएपनि १५औँ महाधिवेशन सम्पन्न गर्नुपर्ने सुझाव दिनुभएको छ ।

नेता पौडेलले भन्नुभयो, “महाधिवेशनको अहिलेको तालिका अलि व्यावहारिक भएन, केही तलमाथि होला, तर आमनिर्वाचन अघि महाधिवेशन सम्पन्न गर्नैपर्छ ।”रासस

## सत्र वर्षमा ४७ लाख बढीले गरे नारायणहिटी सङ्ग्रहालय अवलोकन

काठमाण्डु । शाहवंशीय राजतन्त्रको अन्त्यसँगै नारायणहिटी राजदरबार १७ वर्षअघि सङ्ग्रहालयमा परिणत गरियो । वि स २०६५ असार १ गते तत्कालीन प्रधानमन्त्री गिरीजाप्रसाद कोइरालाले विधिवत रुपमा नारायणहिटी दरबार सङ्ग्रहालयको रुपमा समुद्घाटन गरे पनि फागुन १५ देखि सर्वसाधारणका लागि खुला गरिएको थियो । स्थापनाको १७ वर्षमा सो सङ्ग्रहालय ४७ लाख ७७ हजार ७०० स्वदेशी तथा विदेशी पर्यटकले अवलोकन गरेका छन् ।

स्थापनादेखि गत मङ्सिर मसान्तसम्म उक्त संख्याका पर्यटकले सङ्ग्रहालय अवलोकन गरेका हुन् । आर्थिक वर्ष २०८१/८२ मा दुई लाख ६० हजारले नारायणहिटी दरबार सङ्ग्रहालयको अवलोकन गरेकोमा चालू आवको साउनदेखि मङ्सिर मसान्तसम्म ४६ हजार ७०० र



अवलोकन गरेको नारायणहिटी दरबार सङ्ग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समितिका सूचना अधिकारी पुरुषोत्तम थापाले जानकारी दिनुभयो ।

सरकारले नारायणहिटी सङ्ग्रहालयप्रवेशका लागि विद्यार्थीलाई रु ५०, नेपालीलाई रु २००, सार्क राष्ट्रका नागरिकलाई रु ५०० र विदेशी नागरिकलाई रु एक हजार शुल्क लिँदै आएको छ । उक्त सङ्ग्रहालय प्रत्येक हप्ताको मङ्गलबार, बुधबार बन्द रहँदै आएको छभने शनिबार र अन्य बिदाको दिनमा भने खुल्ला रहन्छ ।रासस

# कांग्रेसद्वारा राष्ट्रियसभाको अधिवेशन माग

काठमाण्डु । नेपाली कांग्रेसले राष्ट्रियसभा अधिवेशन आह्वानको माग गरेको छ । कांग्रेसको राष्ट्रियसभा संसदीय दलको विहीबारको बैठकले उक्त निर्णय गरेको प्रमुख सचेतक कृष्णबहादुर रोकायले जानकारी दिनुभयो ।

संसदीय दलका नेता कृष्णप्रसाद सिटौलाको अध्यक्षतामा भएको बैठकले प्रतिनिधिसभा नभएकाले अविलम्ब राष्ट्रियसभा बैठक आह्वान गर्न उक्त सभाका अध्यक्षसमक्ष माग गर्ने निर्णय गरेको हो । जनआवज उठाउने सार्वभौम संसद् राष्ट्रियसभा मात्र रहेकाले पार्टीले राष्ट्रिय सभाको अधिवेशन अविलम्ब आह्वान हुनुपर्ने माग गरिएको सचेतक रोकायले राससलाई बताउनुभयो ।


बैठकले संविधानसभा सदस्य गणेशबहादुर खड्का, पूर्वकेन्द्रीय सदस्य ढुण्डिराज शास्त्री, बाग्लुङका पूर्वजिल्ला सभापति गोविन्दप्रसाद शर्मा कँडेल, संविधानसभा सदस्य रामअयोध्याप्रसाद



यादव, पूर्वमन्त्री अच्युतराज रेग्मी, पूर्व स्वास्थ्य राज्यमन्त्री खड्गबहादुर बस्याल, पूर्वकेन्द्रीय सदस्य ऋषिकेश गौतम र मोहम्मद आफ्ताव आलम, राष्ट्रियसभाका पूर्वसदस्य कृष्णकुमारी श्रेष्ठ र पूर्वमन्त्री आमोदप्रसाद उपाध्यायको निधनप्रति दुःख व्यक्त गर्दै श्रद्धाञ्जली अर्पण गरेको छ ।रासस







**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# एक्लै चुनावमा जान दलहरु भयभीत

जेन- जी आन्दोलनको कारण प्रतिनिधि सभा विघटन भएपछि दलहरु पुनः चुनावमा एक्लै जान भयभीत देखिएको छ । आसन्न प्रतिनिधि सभाको चुनावमा कुनै पनि दल एक्लै जान चाहिरहेको छैन । हरेक दल चुनावमा जान बलियो सहयोगी खोजिरहेका छन् । विघटित प्रतिनिधि सभाको सबैभन्दा ठूला दल नेपाली कांग्रेसले पनि एक्लै चुनावमा जान चाहेको देखिदैन । दोस्रो ठुला दल एमालेको अवस्था पनि त्यसभन्दा भिन्न छैन । झण्डै एक दर्जन दल मिलेर बनेको नेपाल कम्युनिष्ट पार्टी(नेकपा) पनि चुनावमा जान अन्य दलहरुको साथ खोजिरहेको छ । अत्यधिक चर्चामा रहेको राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) ले पनि एक्लै चुनावमा गएर सरकार बनाउने बहुमत ल्याउने सम्भावना देखिएको छैन । रास्वपाले पनि अन्य दल र स्वतन्त्र नेताहरु सित मिलेर चुनावमा जान चाहन्छ । राजावादी भनेर चिनिएका राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल पनि एकीकरण हुन लागेको छ । मधेश केन्द्रित दलहरु पनि चुनावमा जान कार्यगत एकता अथवा एकीकरण नै गर्न प्रयास गरिरहेको देखिन्छ । समग्रमा प्रतिनिधि सभाको आसन्न निर्वाचनबाट कुनै एउटा दलले बहुमत ल्याएर सरकार बनाउने अवस्थामा छैन । चुनाव अगावै कुनै एउटा दलको सरकार नबन्ने निष्कर्षमा दलका नेताहरु पुगिसकेका छन् । विघटित प्रतिनिधि सभामा पनि कुनै एउटा दलको सरकार बनाउने बहुमत थिएन । त्यसकारण नै तीन वर्षमा कयौं पटक गठबन्धन फेरिए । सरकार अस्थिर भयो । त्यसले देशको राजनीतिक मात्र नभइ अन्य क्षेत्रहरु समेत नराम्ररी प्रभावित भयो । देशले अपेक्षा गरे अनुसार अगाडि बढन सकेन । विकास निर्माणमा भारी अनियमितता देखियो । जसले आमनागरिकमा आक्रोश बढ्यो । जेन- जी आन्दोलनमा देखिएको समर्थन पनि त्यसको परिणाम मानिएको छ । फेरि पनि देशमा स्थिर सरकार बन्ने संकेत देखिएको छैन । कुनै एउटा दलले बहुमत नल्याएसम्म स्थिर सरकार निर्माण हुने सम्भावना कमजोर नै रहन्छ । हुन त नेपालमा एउटै दलको बहुमतको सरकारलाई त्यसै दलका सांसदहरुले अस्थिर बनाएर प्रतिनिधि विघटन गराएको र मध्यावधि निर्वाचनमा गएको करिब चार दशक मात्र भएको छ । काठमाण्डु महानगरपालिकाका मेयर बालेन साह, उर्जा, सिचाइँमन्त्री कुलमान घिसिंग लगायतका केही स्वतन्त्र राजनीतिज्ञहरुले चुनावका लागि दल बनाएका छन् । उनीहरु पनि एक्लै चुनावमा बहुमत ल्याउने छाँट छैन । विचार, सिद्धान्त नमिले पनि दलहरु कार्यगत एकता गरी चुनावमा जान चाहिरहेका छन् । त्यसको प्रमुख कारण समानुपातिक तर्फको मत बटुल्नु पनि रहेको छ । तर यस्ता कार्यहरुले देशमा राजनीतिक स्थिरता कायम हुन सक्दैन । राजनीतिक स्थिरताका लागि कुनै एउटा दलले बहुमत ल्याउन आवश्यक छ । बहुमत ल्याउन देश र जनताको बृहत्तहितलाई अगाडि सार्नु पर्नेछ । त्यसमा दलहरु कमजोर देखिएका छन् ।

# मुख्यमन्त्री फेरिए, तर मधेस किन फेरिन सकेन ?



प्रेमचन्द्र झा

संघीय लोकतान्त्रिक गणतान्त्रिक संविधान लागू भएपछि मधेस प्रदेशले धेरैले कल्पना गरेको जस्तो परिवर्तन भोग्न सकेन। संघीयता मधेसका लागि अधिकार, पहिचान र समृद्धिको ढोका खोल्ने ऐतिहासिक अवसर थियो। जनताले आफ्नै प्रदेश सरकारबाट शिक्षा, स्वास्थ्य, रोजगारी, उद्योग र पूर्वाधार विकासमा ठोस सुधारको अपेक्षा गरेका थिए। तर संविधान कार्यान्वयनपछिको पहिलो चुनावदेखि हालसम्म आइपुग्दा मधेस प्रदेशको अवस्था हेर्दा प्रश्न उठ्छ– शासन प्रणाली फेरियो, सरकार फेरियो, मुख्यमन्त्री फेरिए, तर मधेस किन फेरिन सकेन ?

संघीयतापछिको पहिलो प्रदेश सरकारदेखि अहिलेसम्म मधेस प्रदेशले करिब आधा दर्जन मुख्यमन्त्री पाइसकेको छ। लालबाबु राउतबाट सुरु भएको यो यात्रा सरोज यादव, सतिशकुमार सिंह, जितेन्द्र सोनल, सरोज कुमार यादव हुँदै हालका मुख्यमन्त्री कृष्णप्रसाद यादवसम्म आइपुगेको छ। नाम, अनुहार र दल फेरिँदै गए, तर मधेसको वास्तविक अवस्था भने उही रहिरह्यो। धेरैलाई लाग्न थालेको छ– मधेस अझै पनि मोहन शमशेरकालीन सोच र व्यवस्थाबाट पूर्ण रूपमा मुक्त हुन सकेको छैन।

मधेस प्रदेशको शैक्षिक र आर्थिक अवस्था हेर्दा यो धारणा झन् बलियो बन्छ। विश्वको औसत साक्षरता दर करिब ८२ प्रतिशत पुगेको छ भने नेपालको साक्षरता दर पनि ७८ प्रतिशत नाघिसकेको छ। तर मधेस प्रदेशको औसत साक्षरता दर करिब ६६ प्रतिशतमा सीमित छ। यसले मधेस अझै पनि शैक्षिक रूपमा निकै पछाडि रहेको स्पष्ट देखाउँछ। शिक्षा नै विकासको मेरुदण्ड हो भन्ने मान्यता हुँदाहुँदै पनि मधेसमा शिक्षामा अपेक्षित सुधार देखिँदैन।

आर्थिक अवस्थाको चित्र झनै निराशाजनक छ। विश्वको प्रतिव्यक्ति औसत आय १० हजार डलरभन्दा माथि पुगेको छ। नेपालको प्रतिव्यक्ति आय करिब १,४८० डलर आसपास छ। तर मधेस प्रदेशको प्रतिव्यक्ति आय भने हजार डलरभन्दा तल रहेको छ। यसको अर्थ मधेसका धेरै नागरिक अझै गरिबीको दुष्चक्रमा अल्झिएका छन् र आर्थिक अवसरबाट वञ्चित छन्। संघीयताले प्रदेशलाई आफ्नो आर्थिक भविष्य आफैँ बनाउने अधिकार दिएको भए पनि त्यो अधिकार व्यवहारमा रूपान्तरण हुन सकेको छैन।

यी सबै अवस्थाको केन्द्रमा प्रदेश सरकारको नेतृत्व रहन्छ। प्रदेशको मुखिया अर्थात् मुख्यमन्त्रीले स्पष्ट भिजन, ठूलो सपना र दृढ इच्छाशक्ति बोकेको हुनुपर्छ। मधेसको समृद्धिका लागि दीर्घकालीन योजना बनाउने, कार्यान्वयनमा कठोर हुने र राजनीतिक स्वार्थभन्दा जनताको हितलाई प्राथमिकता दिने नेतृत्वको आवश्यकता थियो। तर अहिलेसम्म मधेसले पाएका मुख्यमन्त्रीहरूमध्ये कति जनामा यी गुण प्रस्ट देखिए भन्ने प्रश्न गम्भीर छ।

शिक्षा क्षेत्रमा मधेस प्रदेश अझै पनि संरचनागत समस्याबाट ग्रसित छ। सरकारी विद्यालयहरूको गुणस्तर कमजोर छ, शिक्षक व्यवस्थापन र तालिम प्रभावकारी छैन, अनुगमन प्रणाली कमजोर छ। प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तारमा खासै ध्यान पुग्न सकेको छैन। विश्वविद्यालय र उच्च शिक्षाका अवसर सीमित हुँदा मधेसका युवाहरू अध्ययनका लागि अन्य प्रदेश वा विदेश जान बाध्य छन्। शिक्षा सुधार बिना दीर्घकालीन विकास सम्भव हुँदैन भन्ने कुरा बुझ्दा-बुझ्दै पनि प्रदेश सरकारले यसलाई पहिलो प्राथमिकतामा राख्न सकेको देखिँदैन।

स्वास्थ्य क्षेत्रको अवस्था पनि त्यस्तै छ। मधेसका धेरै जिल्लामा अस्पतालका भवन त छन्, तर पर्याप्त चिकित्सक छैनन्। कतै चिकित्सक छन् भने उपकरण छैनन्, कतै बजेट छ भने व्यवस्थापन छैन। सामान्य उपचार त स्थानीय तहमा सम्भव भए पनि गम्भीर बिरामीलाई आज पनि काठमाडौँ वा भारत लैजानुपर्ने बाध्यता छ। यसले गरिब जनताको आर्थिक बोझ झन् बढाएको छ। स्वास्थ्य क्षेत्रमा सुधार ल्याउनुपर्ने प्रदेश सरकार र मुख्यमन्त्रीहरूको भूमिका प्रभावकारी देखिन सकेको छैन।

मधेस प्रदेश कुनै समय उद्योग र व्यापारको केन्द्र मानिन्थ्यो। तर आज प्रदेशका धेरै ठूला उद्योग बन्द अवस्थामा छन्। जनकपुर चुरोट कारखाना, श्रीराम चिनी कारखाना गरुडा, वीरगञ्ज चिनी कारखाना, वीरगञ्ज कृषि औजार कारखाना जस्ता उद्योगहरू सञ्चालनमा आउन नसक्दा हजारौँ रोजगारी गुमेका छन्। यी उद्योग पुनः सञ्चालनमा ल्याउन सकिएको भए मधेसको आर्थिक अवस्था धेरै हदसम्म सुधारिन सक्थ्यो। तर उद्योग पुनर्जीवनका लागि आवश्यक राजनीतिक इच्छाशक्ति र स्पष्ट नीति प्रदेश सरकारबाट देखिन सकेन।

कृषि मधेसको सबैभन्दा ठूलो सम्भावना भएको क्षेत्र हो। मधेसलाई नेपालको अन्न भण्डार भनिन्छ। तर किसानहरू आज पनि मल, सिँचाइ, बीउ, प्रविधि र बजारको अभावमा संघर्ष गरिरहेका छन्। आधुनिक कृषि प्रणाली, एग्रो-इन्डस्ट्रि र कृषि उत्पादनमा आधारित उद्योग विकासमा प्रदेश सरकारले अपेक्षित ध्यान दिन सकेको छैन। किसानको आम्दानी नबढेसम्म मधेसको समग्र आर्थिक अवस्था सुध्रन सक्दैन।

मधेससँग जोडिएका राष्ट्रिय गौरवका आयोजनाहरूले पनि प्रदेशको भविष्य निर्धारण गर्न सक्छन्। हुलाकी राजमार्ग, निजगढ-काठमाडौँ द्रुत राजमार्ग र निजगढ अन्तर्राष्ट्रिय विमानस्थल जस्ता आयोजना मधेसको आर्थिक नक्सा नै परिवर्तन गर्न सक्ने क्षमता राख्छन्। तर यी आयोजनाहरू कछुवा गतिमा अगाडि बढिरहेका छन्। संघ सरकारसँग समन्वय गरेर यी परियोजनालाई गति दिनुपर्ने प्रदेश सरकार र मुख्यमन्त्रीहरूको भूमिका कमजोर देखिन्छ।

अन्ततः मधेस प्रदेशको समस्या स्रोतको मात्र होइन, नेतृत्वको पनि हो। मधेससँग सम्भावना छ, श्रमशक्ति छ, भूगोल छ, तर अभाव छ– दूरदृष्टि भएको नेतृत्वको। ठूलो सपना देख्ने, स्पष्ट विकास खाका बनाउने र दृढ इच्छाशक्तिका साथ काम गर्ने मुख्यमन्त्रीको आवश्यकता मधेसले आजसम्म महसुस गरिरहेको छ। यदि अब पनि शिक्षा, स्वास्थ्य, उद्योग र रोजगारीलाई प्राथमिकतामा नराख्ने हो भने मधेस अझै लामो समयसम्म पछाडि नै रहनेछ।

> **मधेसमा राजनीति अझै पनि व्यक्तिकेन्द्रित र गुटगत स्वार्थमा अल्झिएको देखिन्छ। नीति, योजना र परिणामभन्दा पनि सत्ता प्राप्ति र जोगाउने खेल हाबी छ। मुख्यमन्त्रीहरु फेरिँदा पनि प्रशासनिक संरचना उस्तै रहन्छ, प्राथमिकता उस्तै रहन्छ र काम गर्ने शैली पनि उस्तै रहन्छ। यही कारणले सरकार फेरिँदा पनि जनताले अनुभूति गर्ने परिवर्तन शून्यजस्तै हुन्छ। संघीयताको मूल मर्म भनेकै स्थानीय आवश्यकता अनुसार नीति बनाउने र कार्यान्वयन गर्ने हो, तर त्यो मर्म मधेसमा पूर्ण रुपमा कार्यान्वयन हुन सकेको छैन।**

संघीयताले मधेसलाई अवसर दिएको छ, तर अवसरलाई उपलब्धिमा रूपान्तरण गर्ने जिम्मेवारी नेतृत्वको काँधमा हुन्छ। अब प्रश्न मधेसको होइन, मधेसको नेतृत्वको हो। जब मधेसले भिजन, साहस र परिणाम दिने नेतृत्व पाउनेछ, तब मात्र मधेसको अनुहार साँच्चै फेरिनेछात्यसैले अब मधेसका नागरिकहरू पनि आत्मसमीक्षा गर्ने मोडमा उभिनु आवश्यक छ। केवल सरकार र मुख्यमन्त्रीलाई दोष दिएर मात्र समाधान निस्कँदैन। जनताले कस्तो नेतृत्व रोज्छन्, कस्तो राजनीति स्वीकार गर्छन् र कस्तो सोचलाई प्रोत्साहन गर्छन् भन्ने कुराले पनि मधेसको भविष्य निर्धारण गर्छ। चुनावका बेला पैसा, जात, दबाब वा क्षणिक लाभमा परेर भोट दिने प्रवृत्तिले दीर्घकालीन रूपमा मधेसलाई नै घाटा पुर्‍याउँदै आएको छ। जबसम्म मतदाताले आफ्नो मतको मूल्य बुझ्दैनन्, तबसम्म कमजोर नेतृत्व माथि पुगिरहनेछ।

मधेसमा राजनीति अझै पनि व्यक्तिकेन्द्रित र गुटगत स्वार्थमा अल्झिएको देखिन्छ। नीति, योजना र परिणामभन्दा पनि सत्ता प्राप्ति र जोगाउने खेल हाबी छ। मुख्यमन्त्रीहरू फेरिँदा पनि प्रशासनिक संरचना उस्तै रहन्छ, प्राथमिकता उस्तै रहन्छ र काम गर्ने शैली पनि उस्तै रहन्छ। यही कारणले सरकार फेरिँदा पनि जनताले अनुभूति गर्ने परिवर्तन शून्यजस्तै हुन्छ। संघीयताको मूल मर्म भनेकै स्थानीय आवश्यकता अनुसार नीति बनाउने र कार्यान्वयन गर्ने हो, तर त्यो मर्म मधेसमा पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन।

युवाहरूको अवस्था मधेसको अर्को गम्भीर पीडा हो। शिक्षा र रोजगारीको अवसर नपाउँदा मधेसका हजारौँ युवा खाडी मुलुक, मलेसिया र भारततर्फ रोजगारीको खोजीमा पलायन हुन बाध्य छन्। श्रम बेचेर परिवार पाल्ने बाध्यतामा रहेका यी युवाहरूले आफ्नो क्षमता र ऊर्जा देशमै प्रयोग गर्न पाए मधेसको विकासले फरक गति लिन सक्थ्यो। तर प्रदेश सरकारले युवालाई लक्षित गरेर दीर्घकालीन रोजगारी र उद्यमशीलता कार्यक्रम ल्याउन सकेको देखिँदैन।

महिला, दलित र सीमान्तकृत समुदायको अवस्था पनि खासै सुधारिएको छैन। संघीयताले समावेशी शासनको कुरा गरे पनि व्यवहारमा पहुँच अझै सीमित वर्गमै केन्द्रित छ। शिक्षा, स्वास्थ्य र रोजगारीमा यी समुदाय अझै पछि परिरहेका छन्। मुख्यमन्त्री र प्रदेश सरकारले नीति निर्माणदेखि कार्यान्वयनसम्म यी समुदायलाई प्राथमिकतामा राख्न नसक्दा सामाजिक असमानता झन् गहिरिँदै गएको छ।

भ्रष्टाचार मधेस प्रदेशको विकासमा अर्को ठूलो बाधा बनेको छ। बजेट विनियोजनदेखि ठेक्का प्रक्रियासम्म पारदर्शिता कमजोर छ भन्ने गुनासो बारम्बार उठ्दै आएको छ। विकासका नाममा आएको बजेट सही ठाउँमा नपुग्दा योजनाहरू अधुरा रहने, गुणस्तरहीन बन्ने वा कागजमै सीमित हुने अवस्था देखिन्छ। मुख्यमन्त्रीले भ्रष्टाचारविरुद्ध कठोर नीति र उदाहरणीय कदम चाल्न नसक्दा प्रशासनिक बेथिति झन् मौलाउँदै गएको छ।

अब मधेसलाई चाहिएको राजनीति परिवर्तनको राजनीति हो, केवल सत्ता परिवर्तनको होइन। भाषण र नाराभन्दा माथि उठेर काम गर्ने नेतृत्वको खोजी मधेसले गरिरहेको छ। प्रदेशको विकासका लागि स्पष्ट रोडम्याप, समयसीमा र मापनयोग्य लक्ष्य तय गर्नुपर्ने समय आएको छ। शिक्षा, स्वास्थ्य, कृषि, उद्योग र पूर्वाधारलाई प्राथमिकता क्षेत्र घोषणा गरेर दीर्घकालीन नीति बनाउन सकिए मधेसको अवस्था क्रमशः बदलिन सक्छ।

अहिले मधेस प्रदेश आज जहाँ उभिएको छ, त्यो अवस्था अचानक बनेको होइन। यो दशकौँको उपेक्षा, गलत नीति र कमजोर नेतृत्वको परिणाम हो। संघीयता कुनै जादुको छडी होइन, तर सही नेतृत्व पाएमा यो परिवर्तनको बलियो आधार बन्न सक्छ। अब पनि यदि हामीले सपना देख्ने, भिजन बोकेको र दृढ इच्छाशक्ति भएको नेतृत्व रोज्न सकेनौँ भने मधेसको अवस्था फेरिन अझै धेरै समय लाग्नेछ।

मधेसको भविष्य अब सरकारको मात्र होइन, जनताको हातमा पनि छ। चेतनशील मतदाता, जवाफदेही नेतृत्व र परिणाममुखी राजनीति नै मधेसलाई पछाडिबाट अगाडि ल्याउने एकमात्र बाटो हो। जब यो चेतना व्यवहारमा उतारिन्छ, तब मात्र मधेसले संघीयताको वास्तविक स्वाद पाउनेछ र समृद्ध मधेसको सपना यथार्थमा बदलिनेछात्यसैले अब मधेसलाई अगाडि बढाउने बहस केवल आलोचनामा सीमित हुनु हुँदैन, समाधानको दिशामा मोडिनु आवश्यक छ। प्रदेश सरकार, राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी वर्ग र सञ्चारमाध्यम सबैले आफ्नो-आफ्नो भूमिका इमानदारीपूर्वक निर्वाह गर्नुपर्ने समय आएको छ। मधेसको समस्या पहिचान भइसकेको छ, अब आवश्यक कुरा त्यो समस्याको समाधानका लागि सामूहिक इच्छाशक्ति हो।

प्रदेशको नेतृत्व गर्ने मुख्यमन्त्रीले सबैभन्दा पहिले दीर्घकालीन विकास दृष्टिकोण सार्वजनिक गर्नुपर्छ। पाँच वर्षे कार्यकाललाई मात्र लक्षित गर्ने होइन, कम्तीमा १०-२० वर्षपछिको मधेस कस्तो हुने भन्ने स्पष्ट खाका आवश्यक छ। शिक्षा क्षेत्रमा विद्यालय सुधार योजना, प्राविधिक र व्यावसायिक शिक्षाको विस्तार, स्थानीय आवश्यकता अनुसार पाठ्यक्रम विकास जस्ता काम प्राथमिकतामा राख्नुपर्छ। यसमा राजनीतिक हस्तक्षेप होइन, विज्ञता र परिणामलाई आधार बनाउनुपर्छ।

स्वास्थ्य क्षेत्रमा प्रदेशस्तरीय रेफरल अस्पताललाई सक्षम बनाउने, जिल्लास्तरमै विशेषज्ञ सेवा उपलब्ध गराउने र आधारभूत स्वास्थ्य सेवामा पहुँच विस्तार गर्ने नीति अपरिहार्य छ। स्वास्थ्यकर्मीको स्थायित्व, उपकरणको व्यवस्थापन र अनुगमन प्रणाली बलियो नबनाएसम्म स्वास्थ्य सेवा कागजमै सीमित रहनेछ। यसका लागि मुख्यमन्त्री स्वयंले स्वास्थ्य सुधारलाई राजनीतिक एजेन्डा होइन, मानवीय एजेन्डा बनाउनु जरुरी छ।

उद्योग र रोजगारीको सवालमा मधेससँग अपार सम्भावना छ। बन्द अवस्थामा रहेका पुराना उद्योगहरू पुनः सञ्चालन गर्न सार्वजनिक-निजी साझेदारीको मोडेल अपनाउन सकिन्छ। चिनी, कृषि प्रशोधन, कपडा, औजार र खाद्य उद्योग मधेसमै विकास गर्न सकिन्छ। यसले रोजगारी सिर्जना मात्र होइन, प्रदेशको आन्तरिक राजस्व पनि बढाउनेछ। तर यसका लागि नीति स्थायित्व, लगानीमैत्री वातावरण र राजनीतिक प्रतिबद्धता अनिवार्य हुन्छ।

कृषि क्षेत्रमा परम्परागत खेतीबाट आधुनिक र व्यावसायिक खेतीतर्फ रूपान्तरण गर्नुपर्ने बेला आएको छ। सिँचाइ, बीउ, मल, प्रविधि र बजारलाई एकआपसमा जोड्ने समग्र नीति आवश्यक छ। किसानलाई अनुदान मात्र होइन, सम्मानजनक आम्दानी सुनिश्चित हुने व्यवस्था हुनुपर्छ। कृषि आधारित उद्योग विकास नगरेसम्म मधेसको गरिबी हटाउन सकिँदैन।

पूर्वाधार विकासमा प्रदेश सरकारले संघ सरकारसँग निरन्तर दबाब र समन्वय गर्नुपर्छ। हुलाकी राजमार्ग, द्रुतमार्ग र अन्तर्राष्ट्रिय विमानस्थल जस्ता आयोजनाहरू मधेसको जीवनरेखा हुन्। यी आयोजनामा ढिलाइ हुनु भनेको मधेसको विकासमा ढिलाइ हुनु हो। मुख्यमन्त्रीले यसलाई राजनीतिक श्रेयको विषय होइन, प्रदेशको भविष्यको विषयका रूपमा लिनुपर्छ।

सबैभन्दा महत्त्वपूर्ण कुरा सुशासन हो। भ्रष्टाचार नियन्त्रण बिना कुनै पनि विकास सम्भव हुँदैन। बजेट खर्चमा पारदर्शिता, सार्वजनिक सुनुवाइ, सामाजिक लेखापरीक्षण र कडाइका साथ अनुगमन प्रणाली लागू गर्न सकिए जनताको विश्वास फर्कन सक्छ। मुख्यमन्त्रीले आफैँ उदाहरण प्रस्तुत नगरेसम्म प्रशासन सुधार सम्भव हुँदैन।

अब मधेसले नेतृत्वसँग प्रश्न गर्नुपर्ने समय आएको छ– तपाईंको सपना के हो ? तपाईंको भिजन के हो ? तपाईंको प्राथमिकता के हो ? केवल कुर्सी जोगाउने राजनीति होइन, परिणाम दिने राजनीति चाहिएको छ। मधेसलाई अब भाषण होइन, काम चाहिएको छ।

निष्कर्षमा भन्नुपर्दा, मधेस प्रदेश आज परिवर्तनको निर्णायक मोडमा उभिएको छ। विगतका कमजोरीबाट सिकेर अब नयाँ बाटो रोज्न सकिन्छ, वा उही पुरानै चक्रमा अल्झिरहन सकिन्छ। संघीयताले दिएको अवसरलाई उपयोग गर्ने कि गुमाउने भन्ने निर्णय आजको नेतृत्व र जनताको हातमा छ। जब मधेसले ठूलो सपना देख्ने, स्पष्ट भिजन बोकेको र दृढ इच्छाशक्ति भएको नेतृत्व पाउनेछ, तब मात्र मधेसको अवस्था फेरिनेछ र समृद्ध मधेसको आकांक्षा साकार हुनेछायस सन्दर्भमा सबैभन्दा जरुरी कुरा आत्मनिर्भर सोचको विकास हो। मधेसलाई सधैं केन्द्रको मुख ताकेर बस्ने प्रदेशको रूपमा राखिरहनु अब आत्मघाती हुनेछ। संघ सरकारसँग अधिकार र स्रोतको माग गर्नु स्वाभाविक हो, तर प्रदेशभित्र उपलब्ध स्रोत, सम्भावना र जनशक्तिको अधिकतम उपयोग गर्ने नीति नबनाई समृद्धि सम्भव छैन। मुख्यमन्त्री नेतृत्वको सरकारले "केन्द्रले दिएन" भन्ने बहानाभन्दा बाहिर निस्केर आफ्नै क्षमता र अधिकारभित्र के-के गर्न सकिन्छ भन्ने कुरामा ध्यान दिनुपर्छ।

मधेस प्रदेशको भौगोलिक अवस्थाले भारतसँगको सीमा व्यापार, कृषि निर्यात र उद्योग विस्तारका ठूलो सम्भावना बोकेको छ। तर सीमावर्ती व्यापार अझै पनि अव्यवस्थित, बिचौलियामैत्री र अपारदर्शी छ। यदि प्रदेश सरकारले स्पष्ट सीमा व्यापार नीति ल्याएर भन्सार, गोदाम, यातायात र बजार व्यवस्थापन सुधार गर्न सके मधेस आर्थिक गतिविधिको केन्द्र बन्न सक्छ। यसमा मुख्यमन्त्रीको नेतृत्वदायी भूमिका निर्णायक हुन्छ।

सूचना प्रविधि र डिजिटल शासन पनि मधेसको कायाकल्प गर्ने अर्को आधार बन्न सक्छ। प्रदेशका धेरै सेवा अझै पनि कागजी प्रक्रिया, ढिलासुस्ती र पहुँचको अभावमा सीमित छन्। डिजिटल सेवा प्रवाह, अनलाइन अनुमति प्रणाली, ई-गभर्नेन्स र डाटा आधारित योजना निर्माणले प्रशासनिक सुधार ल्याउन सक्छ। यसका लागि राजनीतिक इच्छाशक्ति र दक्ष जनशक्तिको व्यवस्थापन आवश्यक छ।

### क्रिसमसको बढ्दो प्रभावः

# हिन्दु बहुल नेपालमा सहिष्णुता कि सांस्कृतिक भ्रम?



क्षितिज विक्रम खनाल

क्षितिज विक्रम खनाल - नेपाल हिन्दु बहुल राष्ट्र हो। यहाँको सामाजिक संरचना, सांस्कृतिक चेतना, पर्व-परम्परा र जीवनदर्शनको मूल आधार हिन्दु दर्शनमै टेकेको छ। यद्यपि नेपाल बहुधार्मिक देश हो र यहाँ विभिन्न धर्म, संस्कृति र परम्पराहरू सहअस्तित्वमा छन्। यही सहअस्तित्वको परिवेशमा पछिल्ला वर्षहरूमा "क्रिसमस डे" नामक पर्व नेपालमा तीव्र रूपमा देखिन थालेको छ। यो केवल एउटा नयाँ पर्वको प्रवेश मात्र होइन, बरु सांस्कृतिक चेतना, धार्मिक समझदारी र सामाजिक दिशाबोधसँग जोडिएको गम्भीर प्रश्न पनि हो।

क्रिसमस डे मूलतः इसाई धर्मसँग सम्बन्धित पर्व हो। यो दिन इसाई धर्मका संस्थापक ईसा मसीहको जन्मको सम्झनामा मनाइन्छ। धार्मिक मान्यताअनुसार ईसा मसीहलाई परमेश्वरको पुत्र तथा मानव जातिको उद्धारक मानिन्छ। बाइबलको नयाँ करारमा उल्लेख भएअनुसार उनको जन्म अत्यन्त साधारण परिवेशमा भएको थियो। यही साधारणताले इसाई धर्मको मूल सन्देश दिन्छ—ईश्वर शक्ति, धन वा वैभवमा होइन, प्रेम, करुणा र सेवामा प्रकट हुन्छ।

ऐतिहासिक रूपमा हेर्दा ईसा मसीहको वास्तविक जन्ममिति स्पष्ट छैन। चौथो शताब्दीमा रोमन साम्राज्यले डिसेम्बर २५ लाई क्रिसमस डे का रूपमा औपचारिक मान्यता दिएको मानिन्छ। त्यस समयमा रोमन समाजमा सूर्यपूजासँग सम्बन्धित पर्वहरू प्रचलित थिए। नयाँ धर्मलाई सहज रूपमा फैलाउन पुराना सांस्कृतिक पर्वहरूसँग समायोजन गर्दै यो मिति तय गरिएको इतिहासकारहरूको मत छ। यही प्रक्रियाबाट यो पर्व युरोप हुँदै विश्वका विभिन्न भागमा फैलियो।

नेपालमा क्रिसमस डे को प्रवेश ऐतिहासिक रूपमा नयाँ हो। यसको औपचारिक उपस्थिति बीसौँ शताब्दीपछि मात्र देखिन्छ। मिशनरी विद्यालय, अस्पताल र चर्चहरूको स्थापनासँगै नेपालमा इसाई समुदाय विस्तार भयो र क्रिसमस मनाउने परम्परा सुरु भयो। प्रारम्भमा यो पर्व सीमित धार्मिक समुदायभित्र मात्र सीमित थियो। तर समयसँगै शहरीकरण, शिक्षाको विस्तार र बाह्य सांस्कृतिक प्रभावका कारण यो सार्वजनिक रूपमा देखिन थाल्यो।

आज काठमाडौं, बुटवल,पोखरा, धरान, चितवन जस्ता शहरहरूमा क्रिसमसको अवसरमा सजावट, कार्यक्रम, गीत-संगीत र सार्वजनिक उत्सवहरू देखिन्छन्। बजार, होटल, रेस्टुरेन्ट र व्यापारिक केन्द्रहरूमा विशेष सजावट गरिन्छ। यसले एउटा महत्वपूर्ण प्रश्न उठाउँछ—यो पर्व नेपालमा किन यति व्यापक हुँदै गइरहेको छ?

यसको पछाडि शिक्षा प्रणाली, सञ्चार माध्यम, विश्वव्यापीकरण, धर्मनिरपेक्ष राज्य व्यवस्था, शहरी जीवनशैली र उपभोक्तावादी संस्कृतिको संयुक्त प्रभाव देखिन्छ। विशेषगरी मिशनरी विद्यालयहरूमा बालबालिकाले क्रिसमस कार्यक्रममार्फत यस पर्वसँग परिचय पाए। सञ्चार माध्यम र सामाजिक सञ्जालले यसलाई रमाइलो, आधुनिक र आकर्षक पर्वका रूपमा प्रस्तुत गरे। यसरी क्रिसमस बिस्तारै धार्मिक सीमाभन्दा बाहिर निस्केर सामाजिक उत्सवमा रूपान्तरण हुन थाल्यो।



यही सन्दर्भमा सबैभन्दा महत्वपूर्ण प्रश्नउठ्छ—नेपालहिन्दु बहुल देश भएको अवस्थामा हिन्दु समुदायले क्रिसमस डे लाई कसरी लिइरहेका छन्, र वास्तवमा कसरी लिनुपर्छ? यो प्रश्न उठाउनु आवश्यक छ, किनकि यो केवल एउटा पर्वको चर्चा होइन, सांस्कृतिक चेतना र धार्मिक आत्मबोधको प्रश्न हो।

हिन्दु दर्शन स्वभावैले बहुलवादी र समावेशी छ। "एकं सद् विप्रा बहुधा वदन्ति" भन्ने वैदिक सोचले विभिन्न आस्थालाई सम्मान गर्ने संस्कार हिन्दु सभ्यतामा गहिरो छ। त्यसैले अन्य धर्मका पर्वप्रति सम्मान देखाउनु हिन्दु मूल्यविपरीत होइन। क्रिसमसलाई सम्मान गर्नु भनेको आफ्नो धर्म त्याग्नु होइन, अर्काको आस्थाप्रति सहिष्णुता देखाउनु हो।

तर यहाँ एउटा सूक्ष्म तर अत्यन्त महत्वपूर्ण भेद छ—सम्मान र अन्धानुकरणबीचको भेद। सम्मान भनेको बुझेर, सीमाभित्र रहेर स्वीकार गर्नु हो। अन्धानुकरण भनेको आफ्नै पहिचान बिर्सेर बाहिरी आकर्षणमा हराउनु हो। यही सीमारेखा नेपालका हिन्दु समुदायको सन्दर्भमा स्पष्ट हुन आवश्यक छ।

वास्तविकता के छ भने नेपालका धेरै हिन्दुहरूले क्रिसमसलाई धार्मिक पर्वका रूपमा होइन, सामाजिक उत्सवका रूपमा लिएका छन्। केक काट्ने, सजावट गर्ने, साथीभाइसँग भेटघाट गर्ने, रमाइलो गर्ने गतिविधि बढी देखिन्छ। धेरैका लागि यो "पार्टीको अवसर" बनेको छ। यसलाई धर्म परिवर्तनसँग सीधा जोडेर हेर्नु सही नहुन सक्छ।

तर समस्या यहाँबाट सुरु हुन्छ—जब आफ्नै पर्वहरूप्रति चासो घट्दै जान्छ र बाहिरी पर्वप्रति आकर्षण बढ्दै जान्छ। दशैं, तिहार, छठ, माघे सङ्क्रान्ति, गाइजात्रा जस्ता गहिरो दार्शनिक र सांस्कृतिक अर्थ बोकेका पर्वहरूमा आवश्यक चिन्तन, तयारी र चेतना कमजोर हुँदै गएको अनुभूति हुन्छ। यस्तो अवस्थामा क्रिसमसको बढ्दो आकर्षण केवल सामाजिक सहिष्णुता मात्र होइन, सांस्कृतिक चेतनाको कमजोर संकेत पनि हुन सक्छ।

धार्मिक सहिष्णुता भनेको सबै पर्वलाई एउटै तरिकाले मनाउनु होइन। सहिष्णुता भनेको आफ्नो धर्म, संस्कृति र दर्शनमा दृढ रहँदै अरूको आस्थाको सम्मान गर्नु हो। यदि हिन्दु बहुल समाजमा आफ्नै धार्मिक मूल्यहरू कमजोर हुँदै गए र बाहिरी संस्कृतिले प्रमुख स्थान लिन थाल्यो भने दीर्घकालीन रूपमा पहिचानमा संकट उत्पन्न हुन सक्छ।

आज नेपालमा क्रिसमस धेरैका लागि धार्मिकभन्दा बढी उपभोक्तावादी पर्व बन्दै गएको छ। ईसा मसीहको मूल सन्देश—प्रेम, सेवा, क्षमा र मानवता—भन्दा बाहिरी सजावट, उपभोग र देखासिकी प्राथमिकतामा देखिन्छ। यो समस्या केवल क्रिसमसको मात्र होइन; आधुनिक समाजमा सबै पर्वहरूले भोगिरहेको साझा चुनौती हो।

यसर्थ, प्रश्न क्रिसमस मनाउने कि नमनाउने होइन। प्रश्न यो हो—हामी आफ्नै पर्व, परम्परा र दर्शनप्रति कति सचेत छौं? हिन्दु बहुल देशका नागरिकका रूपमा हामीले अरू धर्मका पर्वप्रति सम्मान देखाउनुपर्छ, तर साथसाथै आफ्नै सांस्कृतिक जरा मजबुत राख्न पनि उत्तिकै जिम्मेवार हुनुपर्छ।

अन्ततः पर्वहरू केवल रमाइलोका लागि होइनन्। ती समाजको चेतना, मूल्य र दर्शनका वाहक हुन्। यदि हामी पर्व मनाइरहँदा त्यसको अर्थ बिर्सन्छौं भने त्यो पर्व खोक्रो बन्छ। क्रिसमसको सन्दर्भमा पनि यही आत्ममूल्याङ्कन आवश्यक छ। नेपालजस्तो बहुधार्मिक तर हिन्दु बहुल समाजमा सन्तुलन, विवेक र चेतनायुक्त दृष्टिकोण नै दीर्घकालीन सामाजिक सद्भावको आधार हो।

# निर्वाचनको वातावरण बनाउनुपर्नेमा अध्यक्ष ओलीको जोड



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले निर्वाचनको वातावरण बनाउनुपर्नेमा जोड दिनुभएको छ। पार्टीको हालै सम्पन्न ११औँ राष्ट्रिय महाधिवेशनमा परिचालन भएका स्वयंसेवकहरुलाई प्रमाणपत्र प्रदान गर्दै उहाँले निर्वाचनका निम्ति शान्तिपूर्ण वातारण बन्नुपर्ने बताउँदै त्यसो भएमा आफ्नो दल सहभागी हुन्छ भन्नुभयो।

त्रास र असुरक्षाकाबीच निर्वाचनको वातावरण नबन्ने अध्यक्ष ओलीको कथन थियो । जेनजी आन्दोलनका क्रममा सुरक्षाकर्मीबाट लुटिएका हतियार र जेलबाट भागेकाहरूबाट सुरक्षा चुनौती थपिएकोतर्फ लक्ष्य गर्दै उहाँले शान्तिपूर्ण निर्वाचनको वातावरण बनाउने दायित्व सरकारको हो भन्नुभयो। राष्ट्रपति रामचन्द्र पौडेलले हालै आह्वान गर्नुभएको बैठकमा आफू सहभागी भएको र त्यहाँ पनि आफूले आफूहरु चुनावका विरुद्धमा नरहे पनि प्रतिगमनविरोधी कुरा मान्य नहुने कुरा स्पष्ट गरेको बताउनुभयो। आफूलेप्रतिनिधिसभाकोपुनःस्थापना हुनुपर्ने र फागुन २१ मा चुनाव गर्ने हो भने त्यसको वातावरण बनाउनुपर्छ भन्नेमा जोड दिएको बताउनुभयो।

भदौ २३ गते परिचालन भएका सुरक्षाकर्मीले परिस्थितिलाई विचार गरेर सरकारी सम्पतिको सुरक्षा र आत्मरक्षाको लागि निर्णय गरेकाले तत्कालीन प्रधानमन्त्री र गृहमन्त्रीलाई बयानका लागि बोलाउनु युक्तिसङ्गत नहुने बताउनुभयो। रासस

# जेनजी आन्दोलनको ‘म्याण्डेट’ नभुलौँ : महासचिव चन्द




काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ले मुलुकमा विद्यमान राजनीतिक, प्रशासनिक र कानुनी जटिलतालाई समाधान गरेर चुनावमा जानुपर्नेमा जोड दिएको छ। नवौं केन्द्रीय समितिको चौथो विशेष बैठकका सन्दर्भमा विहीबार आयोजित पत्रकार सम्मेलनमा नेकपा माओवादीका महासचिव नेत्रविक्रम चन्दले मुलुकका समस्या थाँती राखेर हुने निर्वाचनले निकास नदिने स्पष्ट पार्नुभयो।

उहाँले समाजवादी सङ्घीयताअनुरुप राज्यको ढाँचा बन्नुपर्ने, अग्राधिकारसहितको सङ्घीय संरचना र राज्यका सबै अङ्गमा जनताले अपनत्व ठान्ने गरी पुनःसंरचना गर्नुपर्ने आफ्नो पार्टीको दृष्टिकोण रहेको जानकारी दिनुभयो। अन्तरिम कालको नेतृत्व आफ्नो पार्टीलाई दिइए आन्दोलनकारी जनतासहित सबै शक्तिलाई चित्तबुझ्ने गरी निकासको पहल गर्ने विश्वास दिलाउँदै उहाँले भन्नुभयो, “त्यो अवस्था होइन भने राजनीतिक शक्तिहरुको सहमतिबाट उपयुक्त निकास निकाल्नुपर्छ।”

जेनजी विद्रोह पछि पनि जनताले उठाउँदै आएका विषय सम्बोधन हुन नसक्नु बिडम्बना भएको उल्लेख गर्दै महासचिव चन्दले निर्वाचन मात्रै नभइ भ्रष्टाचारको अन्त्य र सुशासन प्रवर्द्धनका क्षेत्रमा पनि काम गर्न सरकारलाई सुझाव दिनुभयो।“भ्रष्टाचार अन्त्य, भ्रष्टाचारीलाई कारबाही र संविधान संशोधनमार्फत प्रत्यक्ष निर्वाचन कार्यकारीको व्यवस्था गर्नुपर्ने जेनजी आन्दोलनको ‘ म्याण्डेट’ हो”। रासस

# निर्वाचनका निम्ति सरकारले काम गरिरहेको छः प्रधानमन्त्री

**“विविध धर्म, भाषा र संस्कृतिको संगम रहेको हाम्रो मुलुकमा क्रिसमसजस्ता पर्वहरूले विविधताबीचको राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन् । यस पावन अवसरमा सबै नेपालीको जीवनमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको कामना गर्दछु”**



काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले आगामी निर्वाचन सफलापूर्वक सम्पन्न गर्न मेहनतका साथ सरकारले काम गरिरहेको बताउनुभएको छ।

बाह्रखरी मिडियाद्वारा विहीबार आयोजित ‘डिशहोम सातौँ बाह्रखरी कथा लेखन प्रतियोगिता, २०८२’ का विजयी लेखकलाई पुरस्कार प्रदान गर्दै निर्वाचनमा नै वर्तमान सरकारको अर्जुनदृष्टि रहेको बताउनुभयो। उहाँले सुशासन कायम गर्न पनि सरकार अहोरात्र खटेको बताउनुभयो। वर्तमान सरकारमाथि चौतर्फी प्रहार भइरहेको तर अचानोमा परेरै भए पनि मेहनतका साथ काम गरिरहेको प्रधानमन्त्री कार्कीले बताउनुभयो। प्रधानमन्त्री कार्कीले सबै कुरा एकैचोटि हुनुपर्ने आशा सबैतिरबाट भएको बताउँदै तर सबै कुरा एकैचोटी गर्न नसक्ने भएकाले सरकारले निरन्तरः काम गरिरहेको बताउनुभयो। राजनीतिक दल र जेनजीको दोहोरो दबावमा सरकार परेको बताउनुभयो।

प्रधानमन्त्री कार्कीले सरकार छोडेर हिँड्ने अवस्था पनि नरहेको बताउनुभयो। उहाँले देश बङ्गलादेशजस्तो नहोस् भन्ने आफ्नो चाहना रहेको बताउनुभयो। दिनदिनै विदेशबाट नेपाली डिपोर्ट भइरहेको सन्दर्भ जोड्दै उहाँले अब देशलाई नै बनाउनुको विकल्प नरहेको बताउनुभयो। फरक प्रसङ्गमा जेनजी सहिदका प्रत्येक परिवारसँग फरकफरक कथा रहेको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले सरकारको कथा लेख्न साहित्यकारहरुलाई अनुरोध पनि गर्नुभयो।

**विश्वविद्यालयलाई प्राज्ञिकस्थल बनाउन आवश्यक छः प्रधानमन्त्री**

प्रधानमन्त्री सुशीला कार्कीले विश्वविद्यालयलाई प्राज्ञिक बहसको थलो बनाउन सबै पक्षले प्रयत्न गर्नुपर्ने बताउनुभएको छ।

त्रिभुवन विश्वविद्यालयको ५१औँ दीक्षान्त समारोहलाईमा कुलपतिसमेत रहनुभएकी प्रधानमन्त्री कार्कीले देशको विकासका लागि शिक्षामा लगानीवृद्धि गर्नुपर्नेमा जोड दिनुभयो।“देशको उच्च शिक्षा क्षेत्रमा परिवर्तनको आकाङ्क्षा स्वाभाविक भएकाले यसलाई दलीय राजनीतिबाट मुक्त गर्न आवश्क छ,” प्रधानमन्त्री कार्कीले भन्नुभयो, “शैक्षिक प्रशासनमा दलीय हस्तक्षेपले नेपालको उच्च शिक्षा क्षेत्रलाई निरन्तर असर पारेको बुझेर नै प्रधानमन्त्री नै विश्वविद्यालयको कुलपति हुने व्यवस्थालाई परिमार्जन गर्नुपर्ने आवश्यकता बोध भएको हो। यस विषयमा गम्भीर परामर्श र गृहकार्य भइरहेको छ।”

कुलपति कार्कीले विश्वविद्यालय जीवनको एक अत्यन्त महत्वपूर्ण मोडमा उभिएको र एउटा शैक्षिक यात्रालाई औपचारिक पूर्णता प्रदान गरेको बताउँदै उहाँले दीक्षान्त आफैमा गन्तव्य होइन, यो त कक्षा कोठा वा अनुसन्धानशालामा प्राप्त ज्ञानलाई मानव विकासका लागि उपयोग गर्ने नयाँ यात्राको आरम्भ हो भन्नुभयो।

“प्रविधिको तीव्र परिवर्तन, रोजगारीको प्रतिस्पर्धा, जलवायु परिवर्तन, सामाजिक असमानता, नैतिक द्विविधा तथा विश्वव्यापी अनिश्चितताजस्ता विषयसँग सम्बन्धित चुनौतीको सामना गर्नुपर्ने छ । त्रिभुवन विश्वविद्यालयबाट दीक्षित तपाईँहरू यस्ता चुनौती सामना गर्दै मानव विकास र विश्व बन्धुत्वका लागि अर्थपूर्ण योगदान गर्न समर्थ हुनुहुनेछ भन्नेमा म विश्वस्त छु।”, प्रधानमन्त्री कार्कीले भन्नुभयो, “तर ठूलो संरचना र आकारले मात्र गुणस्तरीय र अन्तरराष्ट्रियस्तरको शिक्षा सुनिश्चित गर्दैन। प्राध्यापक-विद्यार्थीको सही अनुपात कायम गर्दै गुणस्तरीय शिक्षा र उच्च गुणस्तरका अनुसन्धान सामग्री प्रकाशन गर्ने कार्यमा प्राध्यापक, विद्यार्थी तथा व्यवस्थापन सबै पक्ष थप क्रियाशील हुन जरुरी भएको देख्दछु।”

नेपाली विद्यार्थीहरूको ठूलो हिस्सा उच्च शिक्षाका लागि विदेश गइरहेको अवस्थामा शैक्षिक गुणस्तरमा उत्कृष्टता कायम राख्दै समयानुकूल नयाँ र व्यावहारिक शैक्षिक कार्यक्रम थप गर्ने विषयमा पनि सरोकार भएकाहरूले पर्याप्त ध्यान दिनुपर्ने उहाँको आग्रह थियो।

**त्रिविविको दीक्षान्त समारोह, सोह्र हजार दीक्षित**

त्रिभुवन विश्वविद्यालयको ५१औँ दीक्षान्त समारोहमा विहीबार १६ हजार ३०० भन्दा बढी विद्यार्थी दीक्षित भएका छन्।

समारोहमा प्रधानमन्त्री एवं विश्वविद्यालयका कुलपति सुशीला कार्कीलगायत शैक्षिक जगत्का अग्रजले उनीहरूलाई दीक्षित भएको घोषणा गर्नुभएको हो। विश्वविद्यालयबाट स्नातक, स्नातकोत्तर, दर्शनाचार्य र विद्यावारिधि तहसमेत गरी ८९ हजार १०१ विद्यार्थी उत्तीर्ण भएका छन्।

दशरथ रङ्गशालामा जारी समारोहमा विश्वविद्यालयको इतिहासमा पहिलो पटक आज नोबेल पुरस्कार विजेता जापानी प्राध्यापक ताकाआकी काजिता प्रमुख अतिथि हुनुहुन्छ । कार्यक्रममा सहकुलपति एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री महावीर पुनलगायत प्राज्ञको पनि उपस्थिति छ ।विश्वविद्यालयका उपकुलपति प्रा दीपक अर्यालले विश्वविद्यालय क्रमिक रूपमा सुधारको बाटोमा अग्रसर भएको बताउँदै दीक्षित विद्यार्थीलाई बधाई दिनुभयो।

पर्वहरूले विविधताबीचको राष्ट्रिय एकतालाई थप सुदृढ बनाउँछन्ः प्रधानमन्त्री

प्रधानमन्त्री सुशीला कार्कीले इसाई धर्मावलम्बीको पर्व ‘क्रिसमस डे’ का अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइमा हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ।

यस अवसरमा विहीबार एक सन्देश जारी गर्दै प्रधानमन्त्रीले प्रेम, शान्ति, करुणा र सद्भावको सन्देश बोकेको यस पर्वले मानवताका साझा मूल्यहरूलाई अझ सुदृढ बनाउँदै समाजमा आपसी समझदारी, सहअस्तित्व र भाइचारा अभिवृद्धि गर्न थप प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्नुभएको छ।

“विविध धर्म, भाषा र संस्कृतिको संगम रहेको हाम्रो मुलुकमा क्रिसमसजस्ता पर्वहरूले विविधताबीचको राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन महत्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन् ।यस पावन अवसरमा सबै नेपालीको जीवनमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको कामना गर्दछु”, प्रधानमन्त्रीको सन्देशमा भनिएको छ। रासस

# उपराष्ट्रपति यादवद्वारा क्रिसमस पर्व २०२५ को शुभकामना व्यक्त



काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवले क्रिसमस पर्व (क्रिसमस डे), २०२५ को अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति र समृद्धिका लागि शुभकामना व्यक्त गर्नुभएको छ।

दिवशका अवसरमा शुभकामना सन्देश जारी गर्दै उहाँले शान्ति, प्रेम, करुणा र सहअस्तित्वको सन्देश बोकेको यस पर्वले मानवता, सहिष्णुता र सामाजिक सद्भावलाई सुदृढ बनाउनमा सहयोग पुगोस् भन्दै शुभकामना दिनुभएको छ।

“हाम्रो संविधानले सुनिश्चित गरेको समानता, धार्मिक स्वतन्त्रता र सामाजिक न्यायसँग यी मूल्यहरू प्रत्यक्ष रूपमा जोडिएका छन्। नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक विशेषताले सम्पन्न मुलुक हो । यहाँका विविध धर्म, संस्कृति र परम्पराले राष्ट्रिय पहिचानलाई समृद्ध बनाएका छन् । यी चाडपर्वले ‘विविधतामा एकता’ को सन्देश दिँदै राष्ट्रिय अखण्डता, सामाजिक समानता र सहअस्तित्वलाई बलियो बनाएका छन्”, सन्देशमा भनिएको छ । उपराष्ट्रपति यादवले यी पर्वहरूले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा समावेशी शासनको अभ्यासलाई सांस्कृतिक आधार प्रदान गर्दै स्थायी शान्ति, सुशासन र समृद्धिको दिशामा अघि बढ्न उत्प्रेरित गरेको सन्देशमा उल्लेख गर्नुभएको छ।

क्रिश्चियन धर्मका प्रवर्तक यशु ख्रीष्टको जन्म दिवसका रूपमा हरेक वर्ष डिसेम्बर २५ मा नेपालसहित विश्वभर क्रिसमस पर्व मनाइन्छ। क्रिसमसको धार्मिक, सामाजिक र सांस्कृतिक महत्व छ। यसले परिवार, साथीभाइ र समुदायबीच शुभकामना आदानप्रदान, उपहार साटासाट र सांस्कृतिक कार्यक्रममार्फत् आपसी सद्भावलाई बलियो बनाउँदछ। साथै, व्यापार, पर्यटन र आर्थिक गतिविधिलाई चलायमान बनाउँदै मुलुकलाई आर्थिक लाभ पुऱ्याउने अवसर पनि प्रदान गर्दछ । विपन्न, असहाय तथा सीमान्तकृत समुदायप्रति करुणा र सहयोगको भावना जागृत गर्ने प्रेरणा पनि यस पर्वले दिन्छ।

पछिल्ला वर्षहरूमा अन्य धर्मावलम्बीहरूले पनि उत्साहपूर्वक क्रिसमस मनाउन थालेका छन्, जसले सर्वधर्म सहिष्णुता, परस्पर सम्मान र हाम्रो मौलिक पहिचानलाई जीवन्त राख्न मद्दत पुऱ्याएको शुभकामना सन्देशमा जनाइएको छ । यस अवसरमा सबैले सामाजिक न्याय, समावेशिता र समान अवसरलाई अझ सुदृढ बनाउने सङ्कल्प लिन सक्नुपर्ने पनि उपराष्ट्रपति यादवको भनाइ छ।क्रिसमस पर्वले आपसी सद्भाव, धार्मिक सहिष्णुता, सामाजिक न्याय र राष्ट्रिय एकताको सूत्रमा बाँध्दै समृद्ध, शान्त र विकसित नेपाल निर्माणमा प्रेरणा प्रदान गरोस् भनी उहाँले पुनः शुभकामना व्यक्त गर्नुभएको छ।रासस

# रास्वपामा समानुपातिक उम्मेद्वार छनोट प्रक्रिया सुरु



काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले विहीबारदेखि समानुपातिक उम्मेद्वार छनोट प्रक्रिया सुरु गरेको छ।

पार्टीले विहीबार र शुक्रबार ‘ब्लूप्रिन्ट संवाद’ तथा ‘शून्य समय’ कार्यक्रममार्फत आकांक्षीहरूको प्रस्तुति राख्ने व्यवस्था मिलाइएको प्रवक्ता मनिष झाले जानकारी दिनुभयो। दुई दिन पछि प्रारम्भिक निर्वाचनअन्तर्गत आन्तरिक मतदान (प्राइमरी भोटिङ) हुने जनाइएको छ। प्रवक्ता झाकाअनुसार यस प्रक्रियामा देशभरबाट निवेदन दिएका करिब चार सय आकांक्षी सहभागी छन् । तीमध्येबाट ११० जनाको नाम समानुपातिक बन्दसूचीमा समावेश गरी निर्वाचन आयोगमा बुझाइने छ। उम्मेद्वार छनोट तथा प्रतिस्पर्धाका सबै कार्यक्रम काठमाडौँको गोंगबुस्थित बिजी ब्याङ्क्वेटमा सञ्चालन भइरहेको छ।

प्रवक्ता झाले यही पुस ५ गते आयोजित छलफलमा विशेष कारणवश सहभागी हुन नसकेका वा सहभागी हुन नपाएका समानुपातिक उम्मेद्वारका आकांक्षीहरूलाई पुनः छलफलमा सहभागी गराइने बताउनुभयो । प्रारम्भिक निर्वाचन बाहेकका छनोट प्रक्रिया सम्पन्न गर्ने जिम्मेवारी पार्टी प्रवक्ता झा र सचिवालय सदस्य दीपक बोहोरालाई दिइएको छ । आवश्यकताअनुसार पार्टी उपसभापति डा स्वर्णीम वाग्ले र महामन्त्री कविन्द्र बुर्लाकोटीले उक्त प्रक्रियाको अनुगमन गर्ने बताइएको छ।

प ि व ा स म ा रहेका उम्मेद्वारका आकांक्षीहरूको मूल्याङ्कन ‘भर्चुअल’ माध्यमबाट गरिने छ । उम्मेद्वार छनोट समितिको प्रस्ताव तथा पार्टी उपसभापति डोलप्रसाद अर्याल र वाग्लेसँगको सहमतिमा छनोट प्रक्रियामा सहजीकरण गर्न केन्द्रीय समितिका सदस्यहरूसमेत सहभागी गराइने रास्वपाले जनाएको छ।रासस

# विभिन्न समुदायका पर्वले मेलमिलापको वातावरण बनाएका छन् : कावा सभापति खड्का

काठमाण्डु । नेपाली कांग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्काले पर्वहरूले सामूहिक भावना र सद्भावलाई अझ मजबुत बनाइरहेको बताउनुभएको छ।इसाई धर्मावलम्बीहरूको पर्व ‘क्रिसमस डे’ का अवसरमा शुभकामना व्यक्त गर्दै उहाँले नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विविधताले सम्पन्न मुलुक भएको उल्लेख गर्दै एकता र मेलमिलापको वातावरण सिर्जना गर्न पर्वले भूमिका खेलिरहेका उल्लेख गर्नुभयो।

“यिनै विविधताभित्र मनाइने यहाँका विभिन्न चाडपर्व, धार्मिक र सांस्कृतिक रीतिरिवाजलाई सबैले आदर र सम्मान गर्ने सद्भावयुक्त परम्परा रहिआएको छ”, कावा सभापति खड्काले सन्देशमा उल्लेख गर्नुभएको छ।उहाँले ‘क्रिसमस डे’ का अवसरमा सबैमा सुख, शान्ति र समृद्धिको वातावरण सिर्जना गर्दै सामाजिक सद्भाव अभिवृद्धि गर्न सबैलाई प्रेरित गर्न सकोस् भन्दै शुभकामना व्यक्त गर्नुभएको छ।रासस

# राष्ट्रपतिद्वारा ‘क्रिसमस डे’को शुभकामना



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले विविधताबीचको राष्ट्रिय एकतालाई थप मजबुत तथा सुदृढ बनाउन इसाई धर्मावलम्बीको पर्व ‘क्रिसमस डे’ ले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको छ।

‘क्रिसमस डे’ का अवसरमा विहीबार जारी गर्नुभएको शुभकामना सन्देशमा उहाँले यस्ता पर्वको माध्यमबाट विविध सांस्कृतिक पहिचान एवं धार्मिक आस्था बोकेका समुदायबीच आपसी सद्भाव, सहिष्णुता र ऐक्यबद्धताको भावना अभिवृद्धि हुने उल्लेख गर्नुभयो।

सन्देशमा भनिएको छ, “इसाई धर्मका अनुयायीद्वारा जिसस क्राइस्टको जन्मदिनको अवसरमा हरेक वर्षको डिसेम्बर २५ लाई धार्मिक एवं सांस्कृतिक उत्सवका रूपमा विभिन्न कार्यक्रमहरूको आयोजना गरी ‘ क्रिसमस डे’ मनाउने गरिएको छ । नेपालमा यस अवसरमा देशका विभिन्न स्थानमा विविध कार्यक्रमहरूको आयोजना गरी यस पर्वलाई मनाउने गरिएको छ । प्रेम, क्षमा, दया र शान्तिको आध्यात्मिक मार्गदर्शन रहेको यस पर्वमा मानवता, समानता र सेवाभावलाई बलियो बनाउँदै सामाजिक एकता कायम गर्न तथा इतिहास र संस्कृति जोगाउँदै असल आचरण, शान्तिपूर्ण जीवनशैली र भाइचारालाई प्रवर्द्धन गर्न यस दिनले प्रेरणा प्रदान गर्ने अपेक्षा गरिन्छ। रासस


KARAIYAMAI RURAL MUNICIPALITY

Office Of The Rural Muncipal Executive

Karaiya, Bara

Invitation for Bids No: 05

Date of publication: 2082/09/11

1. KARAIYAMAI RURAL MUNICIPALITY, KARAIYA, BARA invites electronic National Competitive Bidding (NCB) from eligible bidders for the procurements mentioned below.
2. Eligible Bidders may obtain further information about the bidding documents at the office of the Karaiyamai Rural Municipality Karaiya, Bara, www.karaiyamaimun.gov.np, 9865017375 or may visit PPMO Website www.bolpatra.gov.np

| Contract Identification No. | Description | Estimated Amount Without VAT&PS | BID Security (Nrs.) | Bidding Document fee (Nrs.) | Deadline Of Bid Submmission |
|---|---|---|---|---|---|
| KRM/NCB/W/05/2082-083 | Construction Of Karaiyamai Rajdevi Temple | 49,45,562.51 | 1,65,000.00 | 3,000.00 | 2082/10/11 |

3. The employers reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to contract award, without thereby incurring any liability to bidders.

Chief Administrative Officer

जनकपुर टुडे



# बेथलेहेमले गाजा युद्धपछि पहिलो पटक क्रिसमस मनाउँदै

एएफपी

बेथलेहेम ।गाजामा लामो समयदेखि चलेको युद्धको पीडादायी छायाँबीच दुई वर्षभन्दा बढी समयपछि बेथलेहेम सहरले पहिलो पटक क्रिसमस पर्व मनाएको छ। बुधबार राति येशू खीष्टको जन्मस्थल मानिने ऐतिहासिक चर्च अफ द नेटिभिटीमा सयौँ श्रद्धालुहरू भेला भई सामूहिक प्रार्थनामा सहभागी भए।

सन् २०२३ अक्टोबरमा इजरायलमा हमासको आक्रमणसँगै सुरु भएको द्वन्द्वका कारण विगतका वर्षहरूमा बेथलेहेमको क्रिसमस उत्सव शोक र मौनताले ढाकिएको थियो। तर यस वर्ष गाजामा लागू गरिएको नाजुक युद्धविरामको सन्दर्भमा वेस्ट बैंकको यस सहरमा परेड, सङ्गीत र प्रार्थनासहित उत्सवको माहोल पुनः फर्किएको देखियो ।मध्यरातभन्दा अघि नै चर्च अफ द नेटिभिटी श्रद्धालुहरूले भरिएको थियो। राति ११:१५ बजे अङ्ग सङ्गीत (ओर्गान म्युजिक) भ्रमणको स्मरण गर्दै उहाँले युद्धविरामका बाबजुद पनि पीडा अझै बाँकी रहेको उल्लेख गर्नुभयो, तर त्यहाँका मानिसहरूको साहस र फेरि उठ्ने इच्छाले आफूलाई प्रेरित गरेको पनि बताउनुभयो।

उता भ्याटिकनमा पोप लियो चौधौँले सेन्ट पिटरको बेसिलिकामा आफ्नो पहिलो क्रिसमस मास दिनुहुँदै विश्वभर २४ घण्टाको शान्तिको आह्वान गर्नुभयो। पोप फ्रान्सिसको निधनपछि निर्वाचित अमेरिकी पोन्टिफले क्रिसमसलाई ‘ विश्वास, दान र आशाको पर्व’ का रूपमा वर्णन गर्नुभयो।

बेथलेहेमको म्याङ्गर स्क्वायरमा ड्रम र ब्यागपाइपको धुन गुञ्जियो। युवा तथा वृद्ध इसाई श्रद्धालुहरू नाचगानसहित स्क्वायरमा भेला भए। १७ वर्षीया मिलाग्रोस अन्स्टासले युद्धका कारण लामो समय उत्सव मनाउन नपाएको पीडा सम्झँदै यस वर्षको खुसी विशेष भएको बताउनुभयो ।सहरका साँघुरा सडकमा परेड निकालियो, सान्ता



को धुनसँगै पादरीहरूको जुलुस सुरु भयो। जेरुसेलमका ल्याटिन प्याट्रिआर्क कार्डिनल पियरबेटिस्टा पिज्जाबालाले क्रसको सङ्केत गर्दै उपस्थित श्रद्धालुहरूलाई आशीर्वाद प्रदान गर्नुभयो।

धर्मोपदेशमा उहाँले शान्ति, आशा र पुनर्जन्मको सन्देश दिनुहुँदै क्रिसमसको कथाले आजको अशान्त विश्वमा पनि गहिरो अर्थ राख्ने बताउनुभयो। “क्रिसमसले हामीलाई प्रभुत्वभन्दा माथि उठेर प्रेम, एकता र न्यायको शक्ति पुनः चिन्ने अवसर दिन्छ”, उहाँले भन्नुभयो। हालै युद्धग्रस्त गाजाको क्लजको वेशमा मानिसहरूले बालबालिकालाई मिठाइ र खेलौना बाँडे। साँझ पर्नासाथ बहुरङ्गी बत्ती र विशाल क्रिसमस ट्रीले चर्च अफ द नेटिभिटी वरिपरि उज्यालो छर्‍यो। चौथो शताब्दीमा निर्माण भएको यो बेसिलिका इसाईहरूको लागि अत्यन्तै पवित्र मानिन्छ।

स्थानीय बासिन्दाहरूले क्रिसमस उत्सवको पुनरागमनले सहरमा जीवन र आशा फर्किने विश्वास व्यक्त गरेका छन्। छिमेकी सहर बेत जालाका जर्ज हन्नाले ‘ उत्सवबिनाको क्रिसमस कल्पना गर्नै सकिँदैन’ भन्नुभयो।

# सन् २०२५: भारत–चीन प्रतिस्पर्धाले आकार लिएको विश्व रूपान्तरणको वर्ष

काठमाण्डु । आगामी साता सन् २०२५ विश्वबाट बिदा हुँदैछ । । यो विश्व इतिहासमा निर्णायक वर्षका रूपमा स्मरणीय रहने छ । यो वर्षले विश्व राजनीतिमा शक्ति सन्तुलनको पुनर्संरचना, युद्ध र शान्तिको द्वन्द्व, आर्थिक अनिश्चितता, जलवायु सङ्कट, प्रविधिगत परिवर्तन र सामाजिक रूपान्तरणलाई एकैसाथ उजागर गरेको छ। भारत र चीनजस्ता एसियाली महाशक्तिदेखि अमेरिका, युरोप, मध्यपूर्व र अफ्रिकासम्मका घटनाहरूले विश्वलाई कुनै न कुनै रूपमा प्रभावित पारे।



यी परिवर्तनहरूको केन्द्रविन्दु विशेष रूपमा भारत र चीनको उदय, प्रतिस्पर्धा र रणनीतिक चालहरू नै देखियो। सन् २०२५ ले २१औँ शताब्दीको विश्व राजनीति अब केवल पश्चिमा शक्तिहरूको प्रभावमा सीमित नरहेको स्पष्ट गर्‍यो। भारत र चीन दुवैले आफ्नो आर्थिक क्षमता, जनसाङ्ख्यकीय शक्ति, प्रविधि र कूटनीतिक पहुँचमार्फत विश्व व्यवस्थामा निर्णायक भूमिका निर्वाह गर्न थालेका छन्। यही कारणले २०२५ लाई भारत-चीन केन्द्रित विश्व रूपान्तरणको वर्षका रूपमा पनि बुझ्न सकिन्छ।

भारतका लागि २०२५ आत्मविश्वास र आकाङ्क्षाको वर्ष रह्यो। सन् २०२४ को निर्वाचनपछि स्थिर सरकार बनेसँगै भारतले आर्थिक विस्तार, पूर्वाधार विकास र रक्षा आत्मनिर्भरतालाई तीव्र गतिमा अघि बढायो। उत्पादनमा आधारित अर्थतन्त्र, सेमिकन्डक्टर उद्योग, हरित ऊर्जा र डिजिटल प्रविधिमा भएको लगानीले भारतलाई दीर्घकालीन विश्व शक्ति बन्ने दिशामा उन्मुख गरायो। अन्तरिक्ष, रक्षा र प्रविधिमा भारतको बढ्दो उपस्थिति केवल आर्थिक उपलब्धि मात्र नभई रणनीतिक सन्देश पनि प्रवाह गर्न नयाँदिल्ली सफल रह्यो।

विदेश नीतिमा भारतले आफूलाई विश्वव्यापी दक्षिणको प्रतिनिधि र सेतुका रूपमा प्रस्तुत गर्ने प्रयास गर्‍यो भने अमेरिका, जापान, अस्ट्रेलिया र युरोपसँगको सहकार्य सघन भयो। एसिया-प्रशान्त क्षेत्रमा शान्ति, सुव्यवस्था र स्थायित्व कायम गर्ने रक्षासम्बन्धी भारत, अमेरिका, जापान र अस्ट्रेलियाबीचको रणनीतिक साझेदारी क्वाडमार्फत यो क्षेत्रमा चीनको प्रभाव सन्तुलन गर्ने रणनीति अघि सारियो। यद्यपि, भारतले चीनसँगको प्रतिस्पर्धालाई पूर्ण टकरावमा रूपान्तरण हुन नदिने सावधानी पनि अपनायो। वास्तविक नियन्त्रण रेखामा सैन्य सतर्कता उच्च रह्यो, तर संवादका ढोका बन्द भएनन्, जसले एसियाको राजनीतिक स्थायित्व र शान्ति सुव्यवस्था कायम गर्ने दिशामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्‍यो। दुई देशबीचको द्वन्द्व मत्थर भयो।

चीनका लागि सन् २०२५ आत्ममूल्याङ्कन र पुनर्संरचनाको वर्ष बन्यो। दशकौँको तीव्र आर्थिक वृद्धिपछि चीन सुस्त अर्थतन्त्र, रियल इस्टेट सङ्कट र युवामाझ बढ्दो बेरोजगारीजस्ता चुनौतीको सामना गरिरहेको थियो। यस्ता अवस्थाबीच चीनले घरेलु बजार सुदृढीकरण, प्रविधिमा आत्मनिर्भरता र राज्य-केन्द्रित विकास मोडेललाई थप बलियो बनायो। कृत्रिम बौद्धिकता, उच्च प्रविधिका सामग्री उत्पादन र सैन्य आधुनिकीकरणमा चीनको लगानी निरन्तर रह्यो जसले बेइजिङलाई विश्वका अग्रणी मुलुकको सूचीमा स्थापित गरायो।

राजनीतिक रूपमा चिनियाँ कम्युनिस्ट पार्टीको नियन्त्रण अझ कडा देखियो। स्थायित्व र राष्ट्रिय एकताको नाममा निगरानी बढाइयो जसले सामाजिक असन्तोषलाई दबाउने काम गर्‍यो। ताइवान प्रश्न चीनको सबैभन्दा संवेदनशील रणनीतिक मुद्दा रह्यो। ताइवान वरिपरि सैन्य अभ्यास र कूटनीतिक दबाबले अमेरिका र उसका सहयोगीसँग सम्बन्धलाई तनावपूर्ण बनायो जसले सम्पूर्ण एसियाली क्षेत्रको सुरक्षा समीकरणमा असर पार्‍यो। जापान र चीनबीच ताइवानलाई लिएर निकै तनाव भयो। भारत र चीनबीचको सम्बन्ध सन् २०२५ मा प्रतिस्पर्धा र सावधानीपूर्ण संयमको मिश्रणको रूपमा रह्यो। आर्थिक रूपमा दुवै देश एकअर्कामा निर्भर भए पनि रणनीतिक अविश्वास कायमै रह्यो। दक्षिण एसिया, हिन्द-प्रशान्त क्षेत्र र विकासशील देशहरूमा प्रभाव विस्तार गर्ने होड तीव्र बन्यो। यही प्रतिस्पर्धाले नेपालसहित श्रीलङ्का, बङ्गलादेश र अफ्रिकी देशहरूलाई कूटनीतिक सन्तुलन अपनाउन बाध्य बनायो।

सन् २०२५ मा दुवैले जलवायु सङ्कटका प्रत्यक्ष असर भोग्नुपर्‍यो। अनियमित मौसम, बाढी, खडेरी र चरम तापक्रमले करोडौँ नागरिकको जीवन प्रभावित भयो। यसले विकास र वातावरणबीचको द्वन्द्वलाई चर्काउनका साथै आपसी साझेदारी अपरिहार्य भएको अझ स्पष्ट बनायो। विश्वका सबैभन्दा धेरै जनसङ्ख्या भएका भारत र चीनले जलवायु सङ्कट समाधानमा निर्वाह गर्ने सम्भावित भूमिकाले भविष्य निर्धारण गर्ने सङ्केत पनि गरायो। प्रविधिको क्षेत्रमा प्रतिस्पर्धा झनै तीव्र भयो। कृत्रिम बौद्धिकता, डिजिटल निगरानी, डेटा नियन्त्रण र साइबर सुरक्षामा दुवैले आ-आफ्नो मोडेल अघि सारे। भारतले लोकतान्त्रिक प्रणालीभित्र प्रविधि विस्तार गर्ने प्रयासलाई निरन्तरता दियो भने चीनले राज्य-केन्द्रित प्रविधि शासनलाई बलियो बनायो। यी फरक मोडेलहरूको प्रतिस्पर्धाले विश्व प्रविधि राजनीतिलाई नयाँ दिशा देखायो।

सन् २०२५ विश्व इतिहासमा केवल घटनाहरूको सङ्कलन मात्र रहेन, यो विश्व व्यवस्थाको गहिरो पुनर्संरचनाको वर्ष बन्यो। राजनीति, अर्थतन्त्र, प्रविधि, युद्ध, जलवायु र संस्कृतिका तहहरूमा भइरहेको परिवर्तनहरूले मानव सभ्यतालाई गम्भीर आत्ममन्थनतर्फ धकेले। एकातिर अभूतपूर्व प्रगति र नवप्रवर्तनको दिशा देखियो भने अर्कोतिर अस्थिरता, द्वन्द्व र अनिश्चितताले भविष्य झन् जटिल बनायो।

सन् २०२४ को अमेरिकी निर्वाचनपछि डोनाल्ड ट्रम्पको राष्ट्रपतिको रूपमा पुनरागमनले सन् २०२५ को प्रारम्भमै विश्व राजनीतिलाई झस्काइदियो। उहाँका नीतिहरूले अमेरिकी विदेश नीति एकपक्षीयता, कडा राष्ट्रवाद र लेनदेनमुखी शैलीतर्फ फर्केको सङ्केत दियो। आक्रामक भन्सार तथा व्यापार नीतिले विश्व अर्थतन्त्रमा गहिरो प्रभाव पार्‍यो। अमेरिका-चीन व्यापार तनाव पुनः चर्कियो, युरोप, मेक्सिको र एसियाली अर्थतन्त्रहरू पनि असरबाट अछुतो रहेनन्।

मध्यपूर्वमा इजरायल-हमास युद्धविरामले केही समयका लागि राहत दियो। युरोपमा युक्रेन युद्धको छायाँ सन् २०२५ भरि फैलिरह्यो, जसले विश्व शक्ति राजनीति, ऊर्जा सुरक्षा र सैन्य गठबन्धनको भविष्य प्रभावित गर्‍यो। विश्व शासनका बहुपक्षीय मञ्चहरूमा पनि २०२५ परिवर्तनको वर्ष बन्यो। जोहानेसबर्गमा सम्पन्न जी-२० शिखर सम्मेलनले पहिलोपटक अफ्रिकाको महत्त्व पुष्टि गर्‍यो। चीन र अमेरिकी राष्ट्रपतिबीच कोरियामा भएको भेटवार्ता पछि चिसिएको अमेरिका-चीन सम्बन्ध पुनः हार्दिकतातर्फ फर्कियो।

सांस्कृतिक रूपमा पनि वर्ष महत्त्वपूर्ण रह्यो। पोप फ्रान्सिसको निधनले विश्वभर शोक र चिन्तनको लहर फैलायो भने कला, सङ्गीत, खेलकुद, सिनेमा र साहित्यका प्रतिष्ठित व्यक्तित्वहरूको निधनले युगको अन्त्य र सांस्कृतिक निरन्तरतालाई उजागर गर्‍यो। अभिनेता धर्मेन्द्रको निधनमा बलिउड रोयो। बदलिँदो शक्ति सन्तुलन, प्रविधि मानव नियन्त्रणभन्दा द्रुत गतिमा अघि बढिरहेको र कूटनीति परीक्षणमा रहेको वर्ष २०२५ मा पनि देखियो। सन् २०२५ लाई हामी आफ्ना सीमा, कमजोरी र सम्भावनालाई एकसाथ सामना गरेको वर्षका रूपमा सम्झिने छौँ ।(अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूको सहयोगमा)

# अवामी लिग चुनावबाहिर

एएनआई


ढाका। बङ्गलादेशको अन्तरिम सरकारका मुख्य सल्लाहकारका प्रेस सचिव शफीकुल आलमले बङ्गलादेश अवामी लिगले आगामी वर्ष फेब्रुअरीमा हुने राष्ट्रिय संसदीय निर्वाचनमा सहभागी हुन नपाउने स्पष्ट गर्नुभएको छ। उहाँका अनुसार पार्टीमाथि लगाइएको राजनीतिक गतिविधि प्रतिबन्ध र निर्वाचन आयोगद्वारा दर्ता रद्द गरिएकाले अवामी लिगको चुनावी सहभागिता सम्भव छैन।

बुधबार राजधानी ढाकास्थित फरेन सर्भिस एकेडेमीमा अन्तरिम सरकारको सल्लाहकार परिषद्को बैठकपछि आयोजित पत्रकार सम्मेलनमा आलमले सरकारको निर्णयबारे जानकारी दिनुभयो। यस क्रममा अवामी लिगमाथि लगाइएको प्रतिबन्धप्रति चिन्ता व्यक्त गर्दै पाँच अमेरिकी सांसदले मुख्य सल्लाहकारलाई पठाएको पत्रबारे सोधिएको प्रश्नको जवाफमा उहाँले आफूले उक्त पत्र नदेखेको तर सरकारको अडान स्पष्ट रहेकोमा जोड दिनुभयो ।“अवामी लिगका गतिविधिमा प्रतिबन्ध लगाइएको छ र निर्वाचन आयोगले पार्टीको दर्ता रद्द गरिसकेको छ। त्यसैले अवामी लिगले आगामी निर्वाचनमा भाग लिन सक्ने छैन”, उहाँले भन्नुभयो।

यस वर्ष मे महिनामा अन्तरिम सरकारले बङ्गलादेश अवामी लिग र यसका सम्बद्ध तथा भ्रातृ सङ्गठनहरूको सम्पूर्ण गतिविधिमा प्रतिबन्ध लगाउने राजपत्र अधिसूचना जारी गरेको थियो। अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरणमा मुद्दा टुङ्गो नलागेसम्म प्रतिबन्ध कायम रहने उक्त निर्णय गृह मन्त्रालयअन्तर्गत सार्वजनिक सुरक्षा विभागले आतङ्कवाद विरोधी (संशोधन) अध्यादेशअनुसार लिएको हो ।गत वर्ष जुलाईमा विद्यार्थी नेतृत्वको विद्रोहपछि पूर्वप्रधानमन्त्री शेख हसिनाको सरकार अपदस्थ भएको करिब एक वर्षपछि बङ्गलादेश फेब्रुअरी २०२६ मा राष्ट्रिय निर्वाचनतर्फ अग्रसर भइरहेको छ। तर पूर्वप्रधानमन्त्री शेख हसिनाले अवामी लिगबिनाको चुनावलाई ‘चुनाव नभई राज्याभिषेक’ को संज्ञा दिनुभएको छ। उहाँले भन्नुभएको छ, “अवामी लिगबिनाको चुनाव चुनाव होइन।

# रुस-युक्रेन संघर्ष र सन् २०२५ का कूटनीतिक प्रयासहरू

काठमाण्डु । सन् २०२२ मा सुरु भएको रुस-युक्रेन युद्ध अब केवल दुई देशबीचको सैन्य द्वन्द्व रहेन । चार वर्षको अवधिमा यो युद्ध युरोपेली सुरक्षा संरचना, अन्तर्राष्ट्रिय कानून, शक्ति सन्तुलन र विश्व राजनीतिका आधारभूत मान्यताहरूलाई नै चुनौती दिने स्तरमा पुगेको छ। लाखौँ मानिस विस्थापित भएका छन्, हजारौँको ज्यान गएको छ र युक्रेनको भौतिक तथा आर्थिक संरचना गम्भीर रूपमा क्षतिग्रस्त भएको छ। यति लामो समयसम्म जारी रहँदा यो युद्ध अब ‘कसले जित्छ’ भन्ने प्रश्नभन्दा ‘कसरी रोकिन्छ’ भन्ने प्रश्नमा केन्द्रित हुन थालेको छ।



यही सन्दर्भमा सन् २०२५ का कूटनीतिक प्रयासहरूलाई निर्णायक मोडका रूपमा हेरिएको छ। युद्धले सैन्य, आर्थिक र राजनीतिक सबै तहमा थकान सिर्जना गरेको छ। रुस प्रतिबन्धको दबाबमा छ, युक्रेन निरन्तर सहयोगमा निर्भर छ, युरोप ऊर्जा र सुरक्षा सङ्कटसँग जुधिरहेको छ र अमेरिकाले लामो समयसम्मको युद्ध व्यवस्थापनको रणनीतिक लागत मूल्याङ्कन गरिरहेको छ। यसले शान्ति पहललाई सम्भावनाबाट आवश्यकता बनाएको छ।

सन् २०२५ को सुरुआतसँगै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको सक्रिय कूटनीतिक उपस्थितिले यो प्रक्रिया नयाँ चरणमा प्रवेश गर्‍यो। ट्रम्पको दृष्टिकोण पूर्ववर्ती अमेरिकी रणनीतिभन्दा फरक देखियो–अत्यधिक सैन्यकरणभन्दा प्रत्यक्ष संवाद र सौदाबाजीमा जोड। उहाँले युद्धलाई दीर्घकालीन रणनीतिक भारका रूपमा चित्रण गर्दै दुवै पक्षलाई वार्तामा ल्याउने प्रयास गर्नुभयो। अगस्टमा ह्वाइट हाउसमा युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्की, फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोन, बेलायतका प्रधानमन्त्री किर स्टार्मरसहित युरोपेली नेताहरूको उपस्थितिमा भएको छलफल त्यसको स्पष्ट सङ्केत थियो।

यस बैठकमा प्रस्तावित बहुपक्षीय शान्ति सम्मेलनले अमेरिका केवल समर्थक होइन, मध्यस्थ बन्न चाहन्छ भन्ने सन्देश दियो। ट्रम्पले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग प्रत्यक्ष संवाद गर्दै तटस्थ स्थानमा वार्ता सम्भव हुने सङ्केत दिनुभयो। यो पहलले वार्ताको ढोका खुलेको देखाए पनि वास्तविक अवरोधहरू अझै गहिरा थिए ।पुटिनको अडान सुरुदेखि स्पष्ट रह्यो। रुस शान्तिको विपक्षमा छैन, तर त्यो शान्ति पश्चिमी सुरक्षात्मक संरचनाले घेरिएको युक्रेन स्वीकार गरेर सम्भव छैन भन्ने पुटिनको धारणा छ। भूभागीय नियन्त्रण, नाटोको पूर्व विस्तार र रुसको दीर्घकालीन सुरक्षा ग्यारेन्टी उहाँका मुख्य सरोकार बने। यसले वार्तालाई ‘सम्झौता’ भन्दा ‘रणनीतिक पुनर्संरचना’ को प्रश्न बनायो।

अमेरिकाले वार्तालाई प्राविधिक र राजनीतिक दुवै तहमा अघि बढाउन विशेष दूत स्टिभ विटकफलाई जिम्मेवारी दियो। विटकफको प्रयासले २० बुँदे शान्ति रूपरेखाको अवधारणा जन्मायो, जसले युद्ध अन्त्यसँगै युद्धपछिको व्यवस्था कस्तो हुने भन्ने प्रश्न समेट्ने प्रयास गर्‍यो। सुरक्षा प्रत्याभूति, युक्रेनी सेनाको हैसियत, आर्थिक पुनर्निर्माण र अन्तर्राष्ट्रिय निगरानी यसको मूल आधार थिए। तर रुसले कब्जा गरिएका भूभागमा आफ्नो नियन्त्रण स्वीकार गराउन खोज्दा वार्ता निर्णायक चरणमा अड्कियो।

युक्रेनका लागि यो सबैभन्दा संवेदनशील विन्दु थियो। राष्ट्रपति जेलेन्स्कीले युद्धलाई ‘सार्वभौमिकतामाथिको आक्रमण’ का रूपमा परिभाषित गर्दै युक्रेनको सहभागिताबिना हुने कुनै पनि सम्झौता अस्वीकार्य हुने स्पष्ट पार्नुभयो। उहाँले संयुक्त राष्ट्रसङ्घ र अन्तर्राष्ट्रिय कानूनको भूमिकालाई सुदृढ बनाउनुपर्ने माग गर्दै द्वन्द्व समाधानलाई नियमआधारित विश्व व्यवस्थासँग जोड्नुभयो।

युरोपेली सङ्घ (इयु) र प्रमुख युरोपेली शक्तिहरूले युक्रेनको पक्षमा निरन्तर समर्थन जनाइरहे। फ्रान्स र जर्मनीको संयुक्त धारणा अनुसार युक्रेनको स्थायित्व युरोपको सुरक्षासँग प्रत्यक्ष जोडिएको छ। इयुले ९० अर्ब युरो बराबरको आर्थिक सहायता घोषणा गरेर युक्रेनलाई दीर्घकालीन रूपमा टिकाइराख्ने सन्देश दियो। तर फ्रिज गरिएका रूसी सम्पत्तिको प्रयोगबारे उठेको कानूनी विवादले राजनीतिक इच्छा भए पनि संस्थागत र कानूनी सीमाहरू कति प्रभावशाली छन् भन्ने देखायो।

कूटनीतिक प्रयासहरूले बीच-बीचमा असफलताको सङ्केत पनि दिए। टर्कीको इस्तानबुलमा भएको प्रत्यक्ष वार्ता छोटो समयमै टुङ्गिनुले दुवै पक्षबीचको अविश्वास अझै गहिरो रहेको पुष्टि गर्‍यो। यद्यपि टर्कीले संवादका लागि मञ्च उपलब्ध गराएर आफूलाई महत्त्वपूर्ण मध्यस्थका रूपमा स्थापित गर्‍यो। चीनले पनि प्रत्यक्ष हस्तक्षेप नगरी संवादलाई प्रोत्साहन गर्ने रणनीति अपनायो, जसले उसलाई सम्भावित सन्तुलनकारी शक्तिका रूपमा राख्यो।

यही पृष्ठभूमिमा किएभले अमेरिकाको नेतृत्वमा तयार पारिएको २० बुँदे नयाँ योजना सार्वजनिक गर्नु रणनीतिक कदम थियो। यो योजना केवल युद्ध रोक्ने दस्तावेज होइन, युद्धपछिको शक्ति सन्तुलनको खाका पनि हो। युक्रेनको सार्वभौमिकता पुनः पुष्टि, पूर्ण गैर-आक्रमण सम्झौता, अन्तर्राष्ट्रिय सुरक्षा ग्यारेन्टी, नाटो र युरोपेली साझेदारहरूको समर्थन–यी सबैले युक्रेनलाई कमजोर राज्य होइन, संरक्षित र स्वायत्त राष्ट्रका रूपमा स्थापित गर्ने लक्ष्य राख्छन्।

योजनामा युक्रेनको इयु सदस्यता, पूर्वाधार र अर्थतन्त्र पुनर्निर्माण, डनिप्रो नदी र कृष्ण सागरमा व्यापारिक पहुँच सुनिश्चित गर्ने प्रावधानहरू राखिनुले आर्थिक आयामलाई पनि समान महत्त्व दिएको देखिन्छ। जापोरिज्जिया आणविक ऊर्जा केन्द्रको संयुक्त व्यवस्थापन प्रस्ताव सुरक्षा जोखिम न्यूनीकरणतर्फ केन्द्रित छ, तर यसको कार्यान्वयन राजनीतिक विश्वासमा निर्भर रहनेछ ।युद्धबन्दीको आदान-प्रदान, सहायता संयन्त्र, निर्वाचन र शान्ति परिषद्को निगरानी जस्ता मानवतावादी विषयले शान्ति प्रक्रियालाई केवल शक्ति सम्झौताबाट बाहिर ल्याएर जनकेन्द्रित बनाउने प्रयास गरेको छ।

> युद्धबन्दीको आदान-प्रदान, सहायता संयन्त्र, निर्वाचन र शान्ति परिषद्को निगरानी जस्ता मानवतावादी विषयले शान्ति प्रक्रियालाई केवल शक्ति सम्झौताबाट बाहिर ल्याएर जनकेन्द्रित बनाउने प्रयास गरेको छ ।

# उत्तर कोरियाको आणविक पनडुब्बीमा प्रगति

एपी

सियोल । उत्तर कोरियाले आणविक-सञ्चालित पनडुब्बी निर्माणमा उल्लेखनीय प्रगति गरेको सङ्केत दिएको छ। राज्य सञ्चारमाध्यमले सार्वजनिक गरेका तस्बिरहरूमा धेरै हदसम्म पूरा भएको पनडुब्बीको बाहिरी संरचना देखिन्छ। यस क्रममा नेता किम जोङ उनले दक्षिण कोरियाले यस्तै प्रविधि हासिल गर्न दबाब दिइरहेको भन्दै कडा आलोचना गर्नुभएको छ।



उत्तर कोरियाको आधिकारिक कोरियन सेन्ट्रल न्युज एजेन्सीका अनुसार किमले आठ हजार ७०० टन क्षमताको आणविक-प्रोपेल्ड पनडुब्बी निर्माण भइरहेको एक शिपयार्डको निरीक्षण गर्नुभएको हो। उहाँले यस पनडुब्बीलाई उत्तर कोरियाली नौसेनाको आधुनिकीकरण र आणविक प्रतिरोध क्षमताका लागि अत्यन्तै महत्त्वपूर्ण कदमका रूपमा वर्णन गर्नुभयो। उत्तर कोरियाले यसलाई ‘रणनीतिक निर्देशित मिसाइल पनडुब्बी’ वा ‘रणनीतिक आणविक आक्रमण पनडुब्बी’ भन्दै भविष्यमा आणविक हतियारले सुसज्जित गर्ने योजना रहेको सङ्केत दिएको छ।

निरीक्षणका क्रममा उहाँले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको समर्थनमा दक्षिण कोरियाले आफ्नै आणविक-सञ्चालित पनडुब्बी प्राप्त गर्ने प्रयास गरिरहेको उल्लेख गर्दै त्यसलाई उत्तर कोरियाको सुरक्षा र समुद्री सार्वभौमिकतामाथिको ‘ आक्रामक कार्य’ भन्नुभयो। उहाँका अनुसार यस्ता योजनाले उत्तर कोरियालाई आफ्नो नौसेना र आणविक प्रतिरोध क्षमता अझ सशक्त बनाउन बाध्य बनाएको छ। राज्य मिडियाले किमले कहिले शिपयार्ड भ्रमण गर्नुभएको हो भन्ने स्पष्ट नगरे पनि सार्वजनिक तस्बिरहरूमा उहाँले वरिष्ठ अधिकारीहरू र आफ्नी छोरीसँगै विशाल जहाजको निरीक्षण गरिरहेको देखिन्छ।

मार्चपछि पहिलो पटक पनडुब्बीको स्पष्ट तस्बिर सार्वजनिक गरिएको हो।

पनडुब्बी कहिले पूर्ण रूपमा तयार हुन्छ भन्ने खुल्न नसके पनि दक्षिण कोरियाका विज्ञहरूका अनुसार बाहिरी संरचना लगभग तयार देखिनु भनेको इन्जिन र सम्भावित रिएक्टर जस्ता मुख्य प्रणालीहरू भित्रै जडान भइसकेको सङ्केत हुन सक्छ। हानयाङ विश्वविद्यालयका पनडुब्बी विशेषज्ञ मुन केउन-सिकका अनुसार यो जहाज केही महिनाभित्र समुद्र परीक्षणमा जान सक्ने सम्भावना छ ।आणविक-सञ्चालित पनडुब्बी किमले सन् २०२१ मा घोषणा गर्नुभएको दीर्घकालीन सैन्य लक्ष्यहरूमध्ये एक हो। यस सूचीमा ठोस इन्धनयुक्त अन्तरमहाद्वीपीय ब्यालिस्टिक मिसाइल, हाइपरसोनिक हतियार, जासुसी उपग्रह र बहुवारहेड मिसाइलहरू पनि समावेश थिए, जसमध्ये केहीमा उत्तर कोरियाले पहिले नै प्रगति गरिसकेको छ।


यदि उत्तर कोरियाले लामो समयसम्म गोप्य रूपमा सञ्चालन गर्न सक्ने र पानीमुनिबाट मिसाइल प्रहार गर्न सक्षम पनडुब्बी तैनाथ गर्‍यो भने, यो क्षेत्रीय सुरक्षाका लागि गम्भीर चुनौती हुने विज्ञहरूको भनाइ छ। यद्यपि, कडा अन्तर्राष्ट्रिय प्रतिबन्धमा रहेको देशले यस्तो प्रविधि र स्रोत कसरी जुटायो भन्ने प्रश्न पनि उठिरहेको छ। केही विश्लेषकहरूले रुससँगको पछिल्लो सैन्य सहकार्यबाट उत्तर कोरियाले प्राविधिक सहयोग पाएको हुन सक्ने अनुमान गरेका छन्।

यसैबीच, दक्षिण कोरियाले पनि आफ्नै आणविक-सञ्चालित पनडुब्बी प्राप्त गर्ने प्रयास अघि बढाएको छ। राष्ट्रपति ली जे म्युङले अमेरिकी समर्थनको माग गर्नुभएको छ भने राष्ट्रपति ट्रम्पले सैद्धान्तिक रूपमा प्रविधि साझेदारीका लागि खुलापन देखाउनुभएको छ ।उत्तर कोरियाले हालै नयाँ एन्टी-एयर मिसाइल परीक्षण गरेको र पूर्वी तटबाट थुप्रै मिसाइल प्रक्षेपण गरिएको दक्षिण कोरियाली अधिकारीहरूले बताएका छन्। रुस-युक्रेन युद्धपछि उत्तर कोरियाले आफ्नो सैन्य र आणविक कार्यक्रम तीव्र बनाउँदै जाँदा कोरियाली प्रायद्वीपमा तनाव थप बढेको छ।

# झाडी फाडेर सुन्तला बगान

म्याग्दी । म्याग्दीको मालिका गाउँपालिका-७ दोवाटाका किसानहरुले बिलाउनीको झाडी फाडेर सुन्तला बगान बनाएका छन् ।

बीस वर्षअघि बिलाउनीको झाडीले भरिएको भिरालो पाखो सुन्तला र केराको बगैँचामा परिणत गरेका हुन् । दोवाटाका मित्रलाल गौतमले कुनै समय स्याल लुक्ने झाडी अहिले हराभरा बगैँचामा परिणत भएको बताउनुभयो ।"कोदो, मकैखेती हुन छाडेपछि पाखोबारी बाँझिएर बिलाउनीको झाडीले भरेको थियो", उहाँले भन्नुभयो, "केरा र सुन्तलाखेती गरेपछि आम्दानी हुन थाल्यो । घर व्यवहार चलाउने र छोराछोरीको पढाइखर्च जुटाउन खाडीमुलुक जानुपरेको छैन ।"



यस वर्ष करिब रु पाँच लाख मूल्य बराबरको सुन्तला बेचेका मित्रलालले केराबाट थप रु एक लाख आम्दानी हुने बताउनुभयो । उहाँले तीन वर्ष खाडीमुलुक साउदीमा भेडा चराएर विसं २०५७ मा घर फर्किएपछि सुन्तला र केरा खेती सुरु गर्नुभएको थियो । गौतमको १६ रोपनी पाखोबारीमा सुन्तला र केराको बगैँचा छ ।

भित्रलालसँगै उहाँका छिमेकी चन्द्रमा पाइजा र चनदेवी पुनले पनि पाखोबारीमा सुन्तलाखेती गर्नुभएको छ। छिमेकी टोलनरालेका समलाल जुग्जालीले २०५० को दशकमा सुन्तलाखेती भित्र्याउनुभएको थियो ।

हाल मालिका गाउँपालिका-७ मा पर्ने साविक बिम गाविसबाट वार्षिक रु एक करोडभन्दा बढी मूल्यको सुन्तला बिक्री हुने अगुवा किसान भूपेन्द्र शर्माले बताउनुभयो । पोखरा र चितवनका ब्यापारीले बगैचाबाटै प्रतिकिलो रु ७० का दरले सुन्तला खरिद गरेर लगेका छन् । नयाँ बिरुवा थपिने र क्षेत्रफल विस्तार हुने क्रम जारी छ।

अर्कला, नराले, ओखलढुङ्गा, टुनिबोट, दुले, बनसार, नौमाने, भारवाङ, लुरवाङ, खारा र ढुनोट टोलमा ब्यवसायिक सुन्तलाखेती भएको छ । सुन्तला बेचेर एक जना कृषकले रु ६० हजारदेखि रु पाँच लाखसम्म आम्दानी गरेका छन् । साठीभन्दा बढी घरपरिवारले व्यावसायिक सुन्तलाखेती गरेका अगुवा किसान भविराज पुनले बताउनुभयो ।

"सडक यातायातको सुविधा, भूगोल र हावापानी अनुकुल भएकाले सुन्तलाखेती फस्टाएको छ", उहाँले भन्नुभयो, "कोदो, मकै, गहुँलगायत खाद्यान्नको विकल्पमा सुन्तलाखेती गर्ने क्रम बढेको छ ।" पर्याप्त जमिन र आम्दानीको अन्य स्रोत नभएका कारण १५ वर्ष साउदी र कतारमा पसिना बगाएका चन्दबहादुर श्रीपालीले पछिल्लो १३ वर्षयता सुन्तलाखेतीलाई आम्दानीको माध्यम बनाउनुभएको छ ।


"चार वर्ष साउदीमा भेडा चराउँदा पाएको दुःख सम्झिएर २०५९ सालमा छुट्टीमा आउँदा बाँझो बारीमा सुन्तलाको बगैँचा बगाएको थिए", उहाँले भन्नुभयो, "त्यति बेला लगाएको सुन्तला फल्न थालेपछि विदेशको तुलनामा यही आम्दानी हुन थाल्यो । विदेश जानुपरेको छैन् । सुन्तलाखेती पेन्सनजस्तो भएको छ ।" उहाँले वार्षिक रु चार लाखको सुन्तला बिक्री गर्नुहुन्छ । व्यवस्थित सिँचाइ सुविधा र सुन्तला ढुवानी गर्दा राखिने क्रेट आवश्यक रहेको बिमका कृषकले बताएका छन् ।रासस

# कृषि-पर्यटन प्रवर्द्धनार्थ 'सुन्तला-हाइकिङ'

काभ्रेपलाञ्चोक । यहाँ कृषि तथा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले 'सुन्तला-हाइकिङ' कार्यक्रम सञ्चालन गर्न लागिएको छ । विभिन्न निकाय तथा सङ्घ-संस्थाको आयोजनामा यसपटक परीक्षण र प्रवर्द्धनका रूपमा कार्यक्रम सञ्चालन गर्न लागिएको जनाइएको छ ।

होटल एसोसिएसन अफ नेपाल (हान) काभ्रेपलाञ्चोक च्याप्टरको आयोजना र धुलिखेल नगरपालिका पर्यटन परिषद् को विशेष सहयोगमा कार्यक्रम सञ्चालन गर्न लागिएको हो । यसमा जिल्लास्थित नेपाल युवा उद्यमी मञ्च र रोटरी क्लब अफ धुलिखेलले सहकार्य गर्ने जनाइएको छ । यस्तै कार्यक्रम १५ वर्षअघि पनि सञ्चालन गरिएको थियो । त्यो कार्यक्रम केही वर्षपछि सुस्ताएको थियो । हानका जिल्लाध्यक्ष प्रह्लाद प्याकुरेलले उक्त कार्यक्रमलाई पुनः सञ्चालन गर्न लागिएको बताउनुभयो । उहाँले जिल्लाको कृषि र पर्यटनलाई जोड्ने उद्देश्यका साथ डेढ दशकपछि 'सुन्तला-हाइकिङ' कार्यक्रम पुनः सञ्चालनमा ल्याइने बताउनुभयो ।

डेढ दशकअघि सन् २०१० को नोभेम्बरमा नेपाल पर्यावरण तथा पर्यटन जागरण आधारशीला (नेटिफ) ले नेपाल पर्यटन बोर्डको सहयोगमा नमोबुद्ध-बल्थली 'सुन्तला-हाइकिङ' कार्यक्रम आयोजना गरेको थियो । यसपटक पाँच वर्षपछि भएको हान काभ्रेपलाञ्चोक च्याप्टरको अधिवेशनसँगै कार्यक्रम ब्युँत्याइएको जनाइएको छ । जिल्लामा सुन्तलाखेतीको प्रचुर सम्भावना रहेकाले यसै सिजनमा नयाँ स्वरुपमा



कार्यक्रम ब्युँत्याइने धुलिखेलस्थित होटल सारथीका प्रबन्ध निर्देशकसमेत रहनुभएका प्याकुरेलले बताउनुभयो । क्रिसमसको दिन पारेर बिहीबार औपचारिक रूपमा कार्यक्रम सञ्चालनमा ल्याइने उहाँले जानकारी दिनुभयो ।

कार्यक्रमअन्तर्गत पदयात्रा मुख्यतया जिल्लाको पर्यटकीय क्षेत्र नमोबुद्धबाट बल्थलीसम्म 'रुट' तय गरिएको छ । पदयात्रीले पहेँलपुर सुन्तला बगैँचाको दृश्यावलोकन गर्दै यात्रा गर्न पाउनेछन् । साथै स्थानीय बगैँचाका बोटबाटै ताजा सुन्तलासमेत खान पाउनेछन् ।

यात्रामा नमोबुद्धको धार्मिक वातावरण र बल्थलीको प्राकृतिक सुन्दरताको अनुभव लिँदै बल्थलीस्थित लड्केश्वर महादेवस्थान परिसरको विश्वकै अग्लो त्रिशूललगायतका धार्मिक तथा पर्यटकीय विकासबारे अवलोकन गर्न सकिने जनाइएको छ । क्रिसमसको बिदाको दिन भएकाले पैदल यात्रामा पर्यटन व्यवसायी, उद्योगी, जनप्रतिनिधि, सञ्चारकर्मी, कन्टेन्ट क्रियटर, जिल्लास्थित सुरक्षा निकायका प्रमुख, ट्राभल एजेन्सीलगायत कृषिसम्बद्ध पदाधिकारी गरी १०० भन्दा बढीको सहभागिता रहने आयोजकले जनाएको छ।

यसपटकको प्रवर्द्धनात्मक 'सुन्तला हाइकिङ' को अनुभवले आगामी वर्षदेखि सुन्तलाको सिजन (नोभेम्बर र डिसेम्बर) मा एक महिनाकै ट्राभल प्याकेज बनाउने लक्ष्य लिएको हानले जनाएको छ । यसमा होटल-रिसोर्टका ट्यारिफमा विशेष छुट्का साथै अन्य आकर्षण थप्ने योजना बनाएको छ । आगामी वर्षदेखि सुन्तला सिजनमा कम्तीमा एक हजार जना पर्यटक काभ्रेपलाञ्चोक आउने र 'सुन्तला हाइकिङ' मा रमाउने गरी व्यवस्थापन गर्ने तयारी हुने हानले जनाएको छ । यसबाट स्थानीय होटल, रिसोर्ट, होमस्टे र कृषि क्षेत्रलाई प्रत्यक्ष लाभ पुग्ने अपेक्षा गरिएको छ । करिब डेढ सयमध्ये हाल जिल्लामा ३२ वटा स्तरीय होटल तथा रिर्सोट हानमा आबद्ध छन् ।

यसैबीच जिल्ला कृषि विकास कार्यालयले यसवर्ष काभ्रेपलाञ्चोकमा सुन्तला उत्पादन १० देखि १५ प्रतिशतसम्म बढ्नसक्ने प्रक्षेपण गरेको छ । गतवर्ष भने बाढीपहिरोका कारण जिल्लाको सुन्तला उत्पादनमा करिब सात प्रतिशतले गिरावट भएको थियो । हाल सुन्तला पकेट क्षेत्रमा उत्पादनको लगत लिने काम भइरहेको कार्यालय प्रमुख कुलप्रसाद दवाडीले जानकारी दिनुभयो । उहाँका अनुसार प्रारम्भिक लगतका हिसाबले गत वर्षकाभन्दा १० देखि १५ प्रतिशतसम्म सुन्तला उत्पादन बढ्नसक्ने प्रक्षेपण गरिएको हो ।

कार्यालयका अनुसार जिल्लामा विसं २०८१ मा सात हजार ५०० मेट्रिकटन सुन्तला उत्पादन हुने प्रक्षेपण गरिए पनि बाढीपहिरोका कारण बगैँचामा क्षति पुऱ्याउँदा ५०० मेट्रिकटन गिरावट भएको थियो । जिल्लाको कुल क्षेत्रफलमध्ये करिब एक हजार ३०० हेक्टर अर्थात् करिब ३० हजार रोपनी क्षेत्रफलमा सुन्तला खेती हुँदै आएको छ । यस वर्ष भने करिब आठ हजार मेट्रिकटन सुन्तला उत्पादन हुने जनाइएको हो । रासस

# ज्याला उठाउनै मुस्किल भएपछि गलैँचा बुन्न छाड्दै महिला

मलेखु । यहाँको नीलकण्ठ नगरपालिका-८, ज्यामिरेकी देवकी श्रेष्ठले एक वर्षअघि तीन महिनाको तालिम लिएर गलैँचा बुन्न थाल्नुभएको थियो । घरमै गलैँचाको तान (ठग्टी) हालेर गलैँचा बुन्दै आउनुभएकी उहाँले हालै सो काम छाड्नुभएको छ ।

सुरुमा सोचेजस्तो आम्दानी नभएपछि उहाँले काम छाड्नुभएको हो । उहाँले भन्नुभयो, "राम्रै आम्दानी हुन्छ कि भनेर तालिम लिएरै गलैँचा बुन्न थालियो । एउटा गलैँचा बुन्न तीन साता लाग्छ तर बुनेको ज्याला पाँचदेखि सात हजार पाइन्छ ।"सुरुमा सिक्दा नजानेर ढिलो भएको होला भन्ने लागेपनि पछिसम्म जति बुन्दा पनि मेहनत अनुसार आम्दानी नभएपछि काम छाडेको देवकी बताउनुहुन्छ । देवकीलेझैँ उहाँका धेरै गाउँले महिलाहरुले गलैँचा बुन्ने काम क्रमशः छाड्न थालेका छन् ।



महिलाहरूले गलैँचा बुन्न चासो देखाएपछि वडा कार्यालयले प्रशिक्षक राखेर तालिम दिएको थियो । उनीहरुलाई वडाले तान पनि उपलब्ध गराएको थियो । मेहनतअनुसार आम्दानी नभएपछि महिलाहरुले वडा कार्यालयलाई तान फिर्ता गर्न थालेका छन् । आफूले तयार पारेको एउटै गलैँचा विदेशमा २० देखि २५ हजार रुपैयाँमा बिक्री हुन्छ भन्ने उनीहरुले सुनेका छन् । तर बुनेको ज्याला सोचेभन्दा निकै कम पाएको नीलकण्ठ नगरपालिका-८, रामकोटकी लक्ष्मी श्रेष्ठले बताउनुभयो ।

गलैँचाका लागि आवश्यक कच्चापदार्थ कहाँबाट आउँछ, बुनेका गलैँचा कहाँ लगेर बिक्री गर्ने भन्नेबारे श्रमिकहरूलाई थाहा हुँदैन । गाउँमा गलैँचा उत्पादक कम्पनीका प्रतिनिधि जान्छन् । आवश्यक धागो, कैँची, तान र गलैँचाको नक्शासमेत घरमै पुऱ्याइदिन्छन् । ज्याला पनि उनै प्रतिनिधिले तोकि दिन्छन् । श्रेष्ठले भन्नुभयो, "कम्पनीको मान्छेले सबै सामान ल्याइदिन्छ, हाम्रो लगानी पर्दैन । तर पनि हाम्रो दैनिक ज्याला उठ्दैन ।"

विभिन्न ठाउँमा प्रशिक्षकको रुपमा काम गर्दै आउनुभएका लालबहादुर श्रेष्ठले घरमा बसेर गर्न मिल्ने भएकाले ज्याला थोरै दिने गरेको बताउनुभयो । कम्पनीले कति रुपैयाँ दिन्छ भन्नेबारे आफूलाई थाहै नहुने बताउनुभयो ।

मोटो वा मसिनो धागो र चित्रअनुसार ज्याला फरक छ । मोटो धागोको बुन्न छिटो हुन्छ, पैसा कम दिन्छ । मसिनो धागोको बुन्न गाह्रो र ढिलो हुन्छ पैसा धेरै आउँछ । लामो समयदेखि गलैँचा बुन्न सिकाउँदै आउनुएका लालबहादुरका अनुसार मोटो धागोले बुन्न १८ देखि २० दिन लाग्छ भने मसिनो धागोले एउटा गलैँचा तयार गर्न एकजनालाई ४० देखि ४५ दिन लाग्छ ।

मोटो धागोबाट तयार पारेको बुट्टाअनुसार पाँचदेखि सात हजार र मसिनो धागोबाट तयार पारेको १७ देखि १८ हजार ज्याला दिन्छ । एक वर्षअघि वडा कार्यालयले दिएको तालिममा २० जनाले गलैँचा बुन्न सिकेका थिए । १८ जनाले तान घरमै लगेर बुन्न थालेका थिए । तर हाल सो सङ्ख्या घटेर पाँचजनामा झरेका छन् ।

गलैँचा कम्पनीका प्रतिनिधि बुद्धसिंह तामाङकाअनुसार कच्चापदार्थ विदेशबाट आयात गर्नुपर्छ र गलैँचा तयार गरिसकेपछि फेरि विदेशमै निर्यात गरिन्छ । महिलाले बुनेका ९० सेन्टिमिटर चौडाइ र १९० सेन्टिमिटर लम्बाइको गलैँचाको बजार मूल्य बुट्टाअनुसार १५ देखि २५ हजार पर्छ । ढुवानी, प्रशोधन गरी बिक्रीका लागि तयार गर्दा खर्च धेरै हुने भएकोले श्रमिकलाई पाँचदेखि सात हजारभन्दा बढी ज्याला दिन नसकिने उहाँको भनाइ छ ।

कमजोर अध्ययनको भरमा कार्यक्रम गर्दा यस्ता अवस्था आउने घरेलु तथा साना उद्योग कार्यालय धादिङका प्रमुख चुडामणि पुरीले बताउनुभयो । रासस

# तनहुँमा ५९ हजार कुखुराको बिमा

दमौली । तनहुँमा ७१ हजारभन्दा बढी पशुको बिमा गरिएको छ । जिल्लास्थित कृषकले पालेका ७१ हजार २१८ पशुको बिमा गरिएको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले जनाएको छ ।पशुपालनतर्फ कृषकको आकर्षण बढ्दै गएपछि कृषकहरु पशु बिमातर्फ सचेत भएको केन्द्र प्रमुख रविनसन अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार सबैभन्दा बढी कुखुराको बिमा ५९ हजार ९५९ कुखुराको गरिएको छ ।



त्यस्तै एक हजार ७४२ गाई, ७४० भैँसी, एक हजार ५८१ बाख्रा, ६९६ बङ्गुर, छ हजार ५०० माछाको बिमा गरिएको छ । बिमा गरिएको पशुको मूल्य रु २९ करोड ७५ लाख ४० हजार रहेको छ । त्यसमध्ये गाइको रु १५ करोड ६७ लाख ८० हजार, भैँसीको रु छ करोड ६६ लाख, बाख्राको रु एक करोड ५८ लाख दश हजार, बङ्गुरको रु एक करोड ७४ लाख, कुखुराको रु चार करोड ४३ लाख छ हजार, माछाको रु ५१ लाख चार हजार मूल्य रहेको छ ।

बिमा गरिएकोमध्ये गाईमा रु १५ लाख ६७ हजार कृषकले बेहोरेका छन् । यस्तै भैँसीमा रु छ लाख ६६ हजार, बाख्रामा रु एक लाख ५८ हजार, बङ्गुरमा रु एक लाख ७४ हजार, कुखुरामा रु तीन लाख ४४ हजार, माछामा रु आठ हजार कृषकले बेहोरेका छन् । तनहुँमा ४९ हजार ७४२ गाई, ५३ हजार ३८३ भैँसी, तीन लाख ८८ हजार १७६ बाख्रा, ७२३ भेडा, सुँगुर बुङ्गुर ४६ हजार ८१३, कुखुरा नौ लाख ९८ हजार ९३६, हाँसको सङ्ख्या ११ हजार ९८७ रहेको कार्यालयले जननाएको छ । दुधालु गाइको सङ्ख्या १३ हजार ९४२, दुधालु भैँसीको सङ्ख्या २१ हजार ५०३ रहेको छ ।रासस

# भेडापालक किसानलाई अनुदान

ढोरपाटन । बागलुङको निसीखोला गाउँपालिकाले भेडापालक किसानलाई प्रविधिसँग जोड्न थालेको छ । परम्परागत रुपमा भेडापालन गर्दै आएका किसानलाई गाउँपालिकाले आधुनिक खोर व्यवस्थापनसहित अनुदान उपलब्ध गराउन थालेको हो । उच्च पहाडी क्षेत्रमा पालन गर्दै आएका भेडाको बजारीकरण र औषधि उपचारका लागि पनि पालिकाले सहयोग गर्न लागेको छ ।



गाउँपालिकाको वडा नम्बर ५ र ६ का सयौँ किसान भेडापालनमा आबद्ध छन् । हिउँदमा बेँसी र बर्खामा लेकमा बस्ने किसानले अव्यवस्थित रुपमा भेडापालन गर्दै आएको हुँदा व्यवस्थित गराउन थालेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जीवन पुन मगरले बताउनुभयो । यस वर्ष गाउँपालिकाले भेडाका लागि खोप, खानेपानी व्यवस्थापन औषधिसहित सोलार बत्ती र गोठ निर्माणका सामग्री उपलब्ध गराउने उहाँको भनाइ छ ।

चालु आर्थिक वर्षमा गाउँपालिकाले रु एक करोड १२ लाख बजेट विनियोजन गरेर भेडापालक किसानका लागि काम गर्न थालेको प्रमुख प्रशासकीय अधिकृत पुन मगरले बताउनुभयो । पालिकाले परम्परागतसँगै नयाँ प्रविधिसँग किसानलाई जोड्ने गरी काम गर्न थालेको उहाँको भनाइ छ । पालिकाले किसानलाई अनुदानका लागि प्रस्ताव आह्वान गरिसकेको पुन मगरले बताउनुभयो । "निसीखोलामा धेरै किसान भेडापालनमा आबद्ध हुनुहुन्छ, उहाँहरु वर्षभरि धेरै ठाउँमा पुगेर भेडा पाल्नुहुन्छ, उहाँहरुका अनगिन्ती समस्या छन्, ती समस्याहरुलाई पालिकाले सम्बोधन गर्नुपर्छ भनेर यसपालि भेडासहित किसानको औषधि उपाचार, खोर निर्माण लगायतका काम गर्दैछौँ", उहाँले भन्नुभयो, "घुम्ती चरनका लागि किसानहरु धेरै ठाउँमा पुग्दा गोठ सार्दा समस्या हुने गरेको छ र खानेपानीको पनि अभाव हुने हुँदा त्यसको व्यवस्थापन गर्ने योजना छ, बजारीकरणका लागि पनि गाउँपालिकाले पहलकदमी चाल्ने छ।"

किसानले समूह र व्यक्तिगत फर्मबाट प्रस्ताव पेस गर्न सक्ने छन् । निसीखोला गाउँपालिका-६ का भेडापालक किसान थमबहादुर घर्ती मगरले पालिकाबाट खोप र औषधि पाए भेडालाई रोगबाट बचाउन सकिने बताउनुभयो । हरेक वर्ष विभिन्न रोगबाट भेडा मर्दा लाखौँको क्षति बेहोर्दै आएको उहाँको भनाइ छ । अहिलेसम्म पालिकाबाट कुनै पनि सेवा नपाएको घर्ती मगरको गुनासो छ ।

उहाँले भन्नुभयो, "गाउँपालिकाले गोठ बनाइदिन्छ, औषधि र खोप पनि दिन्छ भन्ने सुनेको छु, यसपालि त हामीहरुले पनि पाउँछौँ कि, बर्खाको चार/पाँच महिना लेकमा बस्दा धेरै समस्या हुने गरेको छ, अँध्यारोमा बस्नुपर्छ, गोठ पनि गतिलो हुँदैन, त्यसका लागि राम्रो त्रिपाल, सोलार बत्ती दिए धेरै सहज हुन्थ्यो, दिन्छन् भन्ने आश त लागेको छ ।"रासस


मधेश प्रदेश सरकार

शिक्षा तथा संस्कृति मन्त्रालय

जनकपुरधाम, धनुषा, नेपाल

**अनुदान ताकेता सम्बन्धी सूचना**

सूचना प्रकाशन मितिः २०८२/०९/११

यस मन्त्रालयको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलका कार्यक्रमहरु सञ्चालनको लागि सामुदायिक विद्यालय र सामुदायिक कलेजहरुलाई अनुदान दिने सम्बन्धी पहिलो पटक मिति २०८२/०५/१५, दोस्रो पटक मिति २०८२/०६/०७ र तेस्रो पटक मिति २०८२/०६/२२ गतेमा प्रकाशित सूचना बमोजिम अनुदानका लागि प्राप्त आवेदनहरुमध्येबाट अनुदानका लागि छनौट भएका सामुदायिक विद्यालय तथा कलेजहरुमध्ये केही सामुदायिक विद्यालय तथा कलेजहरुले अहिलेसम्म सम्झौता गर्न नआएको हुँदा त्यस्ता सामुदायिक विद्यालय तथा कलेजहरुले २०८२ साल पौष मसान्तभित्र सम्झौता गर्न आउनु हुन अनुरोध छ अन्यथा अनुदान पठाउनका लागि मन्त्रालय बाध्य हुने छैन । सम्झौता गरी अनुदान प्राप्त गरिसकेका सामुदायिक विद्यालय तथा कलेजहरुले प्रचलित कानुनको अधिनमा रही स्वतन्त्र रुपले समयमै खरिद कार्य गर्नु हुन अनुरोध छ । अनुदानका लागि छनौट भएका सामुदायिक विद्यालय तथा कलेजहरुको नामावली यस मन्त्रालयको वेवसाइट https://moec.madhesh.gov.np मा राखिएको छ ।

तपसिलः

१. प्रत्येक जिल्लाका ५ वटा सामुदायिक विद्यालयहरुमा विज्ञान शिक्षामा सुदृढिकरण गर्न विज्ञान प्रयोगशाला स्थापनाका लागि विद्यालयलाई अनुदान ।
२. प्रत्येक प्रादेशिक निर्वाचन क्षेत्रमा १ वटाका दरले सामुदायिक विद्यालयमा सञ्चालित बाल विकास कक्षाको व्यवस्थापनका लागि अनुदान ।
३. प्रत्येक जिल्लाका ५ वटा सामुदायिक विद्यालयहरुमा स्मार्टबोर्ड लगायत अन्य मेशिनरी सामग्री जडानको लागि अनुदान ।
४. सम्बन्धन प्राप्त सामुदायिक प्राविधिक धारमा सञ्चालन भएका विद्यालयलाई अनुदान ।
५. प्रत्येक जिल्लामा ५ वटा सामुदायिक विद्यालयहरुमा E–Library संचालनको लागि अनुदान ।
६. ८ वटा सामुदायिक कलेजमा मागका आधारमा मल्टिमिडिया सहितको स्मार्ट कक्षा स्थापनाका लागि अनुदान ।

निमित्त प्रदेश सचिव

# दास हत्याको विरोधमा प्रदर्शन

राजेन्द्र यादव




जनकपुरधाम । बंगलादेशमा हिन्दु युवा दिपुचन्द्र दासको नृशंस हत्या भएको घटनाविरुद्ध रामानन्दीय वैष्णव संघको अगुवाइमा जनकपुरधाममा बिहीबार व्यापक विरोध प्रदर्शन गरिएको छ। घटनालाई अमानवीय र धर्मको आडमा गरिएको मानवताविरोधी अपराधको संज्ञा दिँदै संघले शान्तिपूर्ण ऱ्यालीमार्फत आफ्नो आक्रोश प्रकट गरेको हो ।

जानकी मन्दिरको प्राङ्गणबाट सुरु भएको विरोध ऱ्याली जनकपुरधामका प्रमुख चोक तथा सडकहरूको परिक्रमा गर्दै शान्तिपूर्ण रूपमा सम्पन्न भएको थियो । ऱ्यालीमा साधुसन्त, धार्मिक अगुवा, सामाजिक अभियन्ता, युवाहरू तथा सर्वसाधारणको उल्लेख्य सहभागिता रहेको थियो ।

सहभागीहरूले "अल्पसंख्यककाे सुरक्षा सुनिश्चित गर", "धर्मको नाममा हिंसा बन्द गर", "मानवअधिकारको सम्मान गर" जस्ता नाराहरू लगाउँदै बंगलादेशमा अल्पसंख्यक हिन्दुहरूमाथि भइरहेको हिंसा तत्काल रोक्न माग गरेका थिए ।

प्रदर्शनलाई सम्बोधन गर्दै रामानन्दीय वैष्णव संघका अध्यक्ष तथा जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दासले दिपुचन्द्र दासको हत्या केवल एक व्यक्तिमाथिको आक्रमण नभई समग्र मानव मूल्य, धार्मिक सहअस्तित्व र अल्पसंख्यक अधिकारमाथिको खुला प्रहार भएको बताए । उनले यस्तो जघन्य घटनाले सम्पूर्ण मानव समाजलाई नै झस्काएको उल्लेख गरे ।

महन्थ दासले बंगलादेशमा पटक-पटक हिन्दु अल्पसंख्यक लक्षित हिंसाका घटनाहरू भइरहँदा पनि सम्बन्धित राज्य संयन्त्र र अन्तर्राष्ट्रिय समुदाय मौन बस्नु गम्भीर चिन्ताको विषय भएको बताए। उनका अनुसार अल्पसंख्यक समुदायमाथि भइरहेका यस्ता हिंसात्मक घटनाहरू अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्डहरूको ठाडो उल्लङ्घन हुन् ।

उनले बंगलादेश सरकारसँग दोषीहरूलाई तत्काल पहिचान गरी कडा कानुनी कारबाही गर्न र त्यहाँ बसोबास गर्ने अल्पसंख्यक हिन्दुहरूको जीवन, धर्म र सम्पत्तिको सुरक्षा सुनिश्चित गर्न आग्रह गरे । साथै, नेपाल सरकारले पनि कूटनीतिक पहल गर्दै बंगलादेश सरकारसँग औपचारिक रूपमा कुरा उठाई अल्पसंख्यकको सुरक्षा सुनिश्चित गर्न दबाब दिनुपर्ने माग गरे । महन्थ दासले यदि बंगलादेशमा हिन्दुहरूमाथि भइरहेका आक्रमण तत्काल रोकिएनन् भने हिन्दु समाज, साधुसन्त तथा धार्मिक संघसंस्थाहरू थप सशक्त र निर्णायक आन्दोलनमा उत्रिन बाध्य हुने चेतावनीसमेत दिए ।

रामानन्दीय वैष्णव संघले हत्या गरिएका दिपुचन्द्र दासप्रति श्रद्धाञ्जली अर्पण गर्दै पीडित परिवारप्रति गहिरो समवेदना व्यक्त गरेको छ । संघले आगामी दिनमा पनि यस्ता अमानवीय घटनाविरुद्ध निरन्तर आवाज उठाइरहने, धार्मिक सहअस्तित्व, मानवता र मानवअधिकारको संरक्षणका लागि सक्रिय भूमिका खेल्ने प्रतिबद्धता जनाएको छ ।

बुधवार नै उनले एक पत्रकार सम्मेलन आयोजना गरी बंगलादेशमा अल्पसंख्यक हिन्दुहरूमाथि भइरहेको हिंसा अन्तर्राष्ट्रिय मानवअधिकारको समेत गम्भीर उल्लङ्घन भएको भन्दै दोषीमाथि कडा कारबाही गर्न नेपाल सरकारले कूटनीतिक पहल लिनुपर्ने माग सहित आन्दोलनको चेतावनी दिएका थिए ।

# उखु किसान आन्दोलित

**सिन्डिकेटकै कारण किसानहरु आफूले चाहेको उद्योगमा उखु बिक्री गर्नबाट वञ्चित भएको र व्यापारिक स्वतन्त्रता कुण्ठित भएको एकजना किसान शिवपुजन यादवको आरोप छ। रौतहटका किसानहरु अब आफ्नै जिल्लामा सञ्चालित एक मात्र उद्योग बाबा बैजुनाथ सुगर एण्ड केमिकल्स इण्डस्ट्रिजलाई मात्र उखु बिक्री गर्न बाध्य भएको उनी बताउँछन् ।**

टुडे समाचारदाता



रौतहट। चिनी उद्योगीहरूले उखु खरिद-बिक्रीका नाममा कथित सिन्डिकेट लगाएको आरोप लगाउँदै रौतहटमा उखु किसानहरूले आन्दोलनको घोषणा गरेका छन् ।

किसानहरूका अनुसार रौतहट, बारा, पर्सा र सर्लाहीमा सञ्चालित चिनी उद्योगहरूले आपसी सहमतिमा 'आ-आफ्नै जिल्लाभित्र मात्र उखु खरिद गर्ने' निर्णय लागू गरेका छन्। यसका कारण एक जिल्लामा उत्पादन भएको उखु अर्को जिल्लाको उद्योगले खरिद नगर्ने अवस्था सिर्जना भएको उनीहरूको गुनासो छ ।

सिन्डिकेटकै कारण किसानहरू आफूले चाहेको उद्योगमा उखु बिक्री गर्नबाट वञ्चित भएको र व्यापारिक स्वतन्त्रता कुण्ठित भएको एकजना किसान शिवपुजन यादवको आरोप छ। रौतहटका किसानहरू अब आफ्नै जिल्लामा सञ्चालित एक मात्र उद्योग बाबा बैजुनाथ सुगर एण्ड केमिकल्स इण्डस्ट्रिजलाई मात्र उखु बिक्री गर्न बाध्य भएको उनी बताउँछन् ।

यस निर्णयप्रति आक्रोश जनाउँदै फतुवा विजयपुर नगरपालिका-९, विजयपुर बजारमा बुधवार सयौं उखु किसान भेला भई सिन्डिकेट तत्काल खारेज गर्न माग गरेका छन् । भेलामा बोल्ने किसानहरूले माग सुनुवाइ नभए कडा आन्दोलनमा उत्रिने चेतावनी दिएका छन् ।

नेपाली कांग्रेसका नेता ज्ञानेन्द्र प्रसाद यादवले उखु खरिदमा लगाइएको सिन्डिकेट अविलम्ब खारेज हुनुपर्ने बताएका छन्। "किसानले उत्पादन गरेको उखु जुनसुकै उद्योगलाई निर्वाध बिक्री गर्न पाउने अधिकार कुण्ठित गर्न खोजिएको छ," उनले भने, "सिन्डिकेट नहटाइए किसान सडक संघर्षमा उत्रिन बाध्य हुनेछन् ।"

युवा नेता तथा किसान विजय यादवले पनि किसानले चाहेको उद्योगमा उखु बिक्री गर्न पाउने स्वतन्त्रता हुनुपर्ने धारणा राखेका थिए।उनका अनुसार विगतमा सिन्डिकेट नहुँदा किसानहरूले भुक्तानी छिटो दिने बारा र सर्लाहीका उद्योगमा उखु बिक्री गर्दै आएका थिए। तर अहिले त्यो सम्भावना बन्द गरिएको छ ।

फतुवा विजयपुर नगरपालिका-९ का वडा अध्यक्ष राकेश यादव (पप्पु यादव)ले उद्योगीहरूले सिन्डिकेट लगाएर किसानमाथि अन्याय गरेको आरोप लगाएका छन् ।

भेलामा सहभागी किसानहरूले तत्कालका लागि बाबा बैजुनाथ सुगर चिनी मिललाई उखु बिक्री नगर्ने निर्णय गरेको वडा अध्यक्ष यादवले जानकारी दिएका छन् । समस्या समाधान ननिस्केसम्म काटिएको उखु खेतमै राख्ने र काट्न बाँकी उखु पनि मिललाई नदिने निर्णय भएको उनले जानकारी दिएका छन् ।

भेलाले सिन्डिकेटविरुद्ध आन्दोलनका कार्यक्रमसमेत घोषणा गरेको छ। पहिलो चरणमा उखु उत्पादक किसान संघर्ष समिति गठन गरी जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुषाललाई ज्ञापनपत्र बुझाउने निर्णय गरिएको छ ।

कांग्रेसका युवा नेता ज्ञानेन्द्र प्रसाद यादवको अध्यक्षतामा गठित ५१ सदस्यीय संघर्ष समितिको उपाध्यक्षमा कुमार शिवाकोटी, सचिवमा राजकरण राय यादव र कोषाध्यक्षमा सुरेश यादव चयन भएका छन् । समितिले माग सुनुवाइ नभए चरणबद्ध आन्दोलनमा जाने चेतावनी दिएको छ ।

उल्लेखनीय छ बाबा बैजुनाथ एण्ड सुगर इन्डस्ट्रीजले किसानको उखुँ तौलमा वजन घटाउने गरेको कारण गत वर्ष मिल कर्मचारी र किसान बिच गम्भीर झडप भएको थियो। मिल ले वर्षेनी काँटा मै चलखेल गरेर किसानको उँखुको वजन घटाउँदै आएको आरोप लाग्दै आएको छ ।

कटहरिया नगरपालिका-९, डुमरियामा सञ्चालित बाबा बैजुनाथ सुगर एण्ड केमिकल्स इण्डस्ट्रिजका सञ्चालक बैजु प्रसाद बाबराले आफ्नो उद्योगले किसानमाथि कुनै पनि प्रकारको सिन्डिकेट नलगाएको तथा उँखुको वजन न घटाएको दाबी गरेका छन् ।

# मोटरसाइकल चोर गिरोह पक्राउ



टुडे समाचारदाता

जनकपुरधाम । प्रहरीले धनुषा जिल्लाका विभिन्न स्थानबाट मोटरसाइकल चोरी गरी अवैध रूपमा खरिद बिक्री गर्दै आएको एक संगठित गिरोहलाई पक्राउ गरेको छ ।

चोरी तथा विक्री कार्यमा संलग्न सिकिन्द्र यादवसहित १२ जनालाई नियन्त्रणमा लिई उनीहरूको कब्जाबाट ११ थान चोरीका मोटरसाइकल बरामद गरिएको हो ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायव उपरीक्षक गणेशबहादुर बमले पछिल्लो समय मोटरसाइकल चोरीका घटना बढेपछि विशेष निगरानी र अनुसन्धान अभियान सञ्चालन गरिएको बताए ।

अनुसन्धानका क्रममा समूहले सार्वजनिक, बजार, अस्पताल तथा आवासीय क्षेत्रबाट मोटरसाइकल चोरी गरी नम्बर प्लेट परिवर्तन गरेर कम मूल्यमा बेच्ने गरेको खुलेको छ। पक्राउ परेकामाथि चोरी तथा संगठित अपराधसम्बन्धी मुद्दामा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# कार्यालय सहयोगी पक्राउ

टुडे समाचारदाता



जलेश्वर । भारतीय नागरिकलाई सरकारी कागजात कीर्ते गरी नेपाली नागरिकता बनाएको आरोपमा प्रहरीले इलाका प्रशासन कार्यालयका सहयोगीलाई पक्राउ गरेको छ ।

महोत्तरीको इलाका प्रशासन कार्यालय रामगोपालपुरमा कार्यरत कार्यालय सहयोगीले सरकारी कागजातको दुरुपयोग गरी भारतीय नागरिकलाई नागरिकता दिलाएको आशंकामा नियन्त्रणमा लिई अनुसन्धान भइरहेको जनाइएको छ ।

कार्यालयको कागजात, सरकारी छाप, किर्ते दस्तखत र होलोग्रामको दुरुपयोग गरी भारतीय नागरिकलाई नेपाली नागरिकता बनाएको आरोपमा प्रहरीले कार्यालय सहयोगी कृष्ण मण्डललाई नियन्त्रणमा लिएर अनुसन्धान थालिएको जिल्ला प्रहरी महोतरीका डिएसपी शैलेन्द्रकुमार भट्टले जनाएको छ ।

विशेष सूचनाको आधारमा इलाका प्रशासन रामगोपालपुरका कार्यालय सहयोगी मण्डललाई पक्राउ गरी अनुसन्धान गरिरहेको डिएसपी भट्टले बताए ।

जिल्ला प्रशासन महोत्तरीबाट आएको जानकारी अनुसार कार्यालय सहयोगी मण्डललाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको उनले बताए । मण्डल पक्राउ परेपछि अर्का कार्यालय सहयोगी फरार भएका छन् ।

इलाका प्रशासन रामगोपालपुरबाट २०७६ मा वितरण भएको नागरिकतामा त्रुटि देखिएपछि अनुसन्धान अगाडी बढाइएको प्रमुख जिल्ला अधिकारी (प्रजिअ) ईन्द्रदेव यादवले बताए । 'गृह मन्त्रालयबाट २०८२ असोज ३० गते अनुसन्धान अगाडी बढाउन जानकारी आएको हो,' प्रजिअ यादवले भने,'म महोत्तरी आउनु अगावै यो विषयमा अनुसन्धान सुरु भएको थियो । म आएपछि नागरिकता वितरणमा त्रुटि भेटिएपछि कार्यालय सहयोगीलाई पक्राउ गरी अनुसन्धान अगाडी भइरहेको छ।' अनुसन्धान टुंगिएपछि मात्रै विस्तृत विवरण खुल्ने उनले बताए ।

अनुसन्धानमा संलग्न कर्मचारीहरुका अनुसार इलाका प्रशासनबाट कीर्ते गरी नागरिकता बनाएका भारतीयहरु नेपाली राहदानी लिएर विदेशमा छन् । नागरिकता बनाउँदा इलाका प्रशासनका कर्मचारीले मोटो रकम लिएको आशंका उनीमाथि रहेको छ ।

# शहीद महतोका दाजु सम्मानित

टुडे समाचारदाता



जनकपुरधाम। मधेश प्रदेशका नवनियुक्त सभामुख रामअशिष यादवले मधेश आन्दोलनका प्रथम शहीद रमेश महतोका दाजु रामसोभित महतोलाई सम्मान गरेका छन् ।

शहीदहरूप्रतिको योगदानको स्मरण र कृतज्ञता व्यक्त गर्ने उद्देश्यले आयोजित उक्त कार्यक्रम औपचारिक समारोहका बीच सम्पन्न भएको हो ।

समारोहलाई सम्बोधन गर्दै सभामुख यादवले मधेश आन्दोलनमा शहीद रमेश महतोले देखाएको साहस, त्याग र बलिदानले मधेशको पहिचान, अधिकार र सम्मानको संघर्षलाई ऐतिहासिक उचाइमा पुऱ्याएको बताए ।

उनले शहीद महतोको बलिदान केवल मधेशकै लागि नभई सम्पूर्ण देशका लागि प्रेरणाको स्रोत भएको उल्लेख गरे । 'शहीदहरूको त्यागका कारण आज मधेशले आफ्ना अधिकार र पहिचानका सवाललाई संस्थागत रूपमा अघि बढाउन पाएको छ,' सभामुख यादवले भने ।

सभामुख यादवले शहीद परिवारप्रति राज्य सदैव ऋणी रहने उल्लेख गर्दै शहीदहरूको सपना पूरा गर्नु राज्यको दायित्व भएको स्पष्ट पारे । उनले मधेश प्रदेश सभाले शहीद परिवारको सम्मान, संरक्षण र आवश्यक सहयोगका लागि आवश्यक नीतिगत पहल गर्ने प्रतिबद्धता पनि व्यक्त गरे ।

सम्मान ग्रहणपछि प्रतिक्रिया व्यक्त गर्दै रामसोभित महतोले शहीद रमेश महतोले देखेको सपना अझै अधूरो रहेको बताए । उनले मधेशका जनप्रतिनिधिहरू इमान्दार, पारदर्शी र जनमुखी भएर काम गरेमा मात्र शहीदहरूको बलिदानको सही मूल्याङ्कन हुने धारणा राखेका थिए ।

# चिसो प्रभावितलाई दाउरा वितरण

टुडे समाचारदाता



रौतहट । तराई क्षेत्रमा पछिल्लो समय बाक्लो कुहिरो र हुस्सु लागिरहँदा जाडो तथा सितलहर तीव्र बनेको छ । बढ्दो चिसोले दैनिक जनजीवन कष्टकर बनेपछि डिभिजन वन कार्यालय रौतहटले चिसोबाट प्रभावित स्थानीयलाई लक्षित गर्दै दाउरा वितरण गरेको छ ।

डिभिजन वन कार्यालयले नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलसँगको समन्वयमा चन्द्रनिगाहपुरका विभिन्न सार्वजनिक स्थल, बाटो, चोक र चौतारामा दाउरा वितरण गरी ताप्नका लागि ब्यवस्था गरेको छ ।

अत्यधिक चिसोका कारण विशेषगरी बिहान र साँझको समयमा सर्वसाधारणलाई कठिनाइ भइरहेको अवस्थामा दाउरा वितरणले केही राहत मिल्ने विश्वास गरिएको छ ।

चन्द्रनिगाहपुर क्षेत्रमा चिसोबाट सबैभन्दा बढी प्रभावित हुने विपन्न, ज्येष्ठ नागरिक, मजदुर तथा सडकमा समय बिताउनुपर्ने नागरिकलाई लक्षित गरी सार्वजनिक स्थानहरूमा दाउरा उपलब्ध गराइएको बन कार्यालयले जनाएको छ। प्रहरीको सहकार्यमा दाउरा सुरक्षित रूपमा वितरण गरिएको छ ।

यसैबीच, चन्द्रपुर नगरपालिका-७ स्थित वनबहुअरीमा रहेको मानव सेवा आश्रममा आश्रित व्यक्तिहरूका लागि पनि दाउरा वितरण गरिएको डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्त साहले बताएका छन्। प्रमुख साहको सहयोगमा आश्रममा आश्रित असहाय तथा बेवारिसे व्यक्तिहरूलाई चिसोबाट जोगाउन दाउरा उपलब्ध गराइएको छ ।

स्थानीयवासीहरूले डिभिजन वन कार्यालय र प्रहरीको संयुक्त पहलप्रति सकारात्मक प्रतिक्रिया जनाउँदै चिसोको मौसमभर यस्ता राहत कार्यक्रमलाई निरन्तरता दिनुपर्ने आवश्यकता औंल्याएका छन् । मौसमको अवस्था हेरेर आवश्यक सहयोगलाई निरन्तरता दिने डिवीजन बन कार्यालय रौतहटले जनाएको छ ।

# सामाजिक परीक्षण कार्यक्रम सम्पन्न

टुडे समाचारदाता




जनकपुरधाम । मानव अधिकारका लागि एकल महिला समूह धनुषाले सामाजिक परीक्षण कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रममा प्रमुख अतिथि मण्डलले एकल महिला सामाजिक, आर्थिक र मानसिक दृष्टिले अझै पनि पछाडि रहेको उल्लेख गर्दै उनीहरूको समग्र विकासका लागि दीर्घकालीन योजना बनाएर अघि बढ्नुको महत्व औंल्याए ।

'सरकारी निकाय, स्थानीय तह र नागरिक समाजबीच सहकार्य बढाएर मात्र एकल महिलाको जीवनस्तर सुधार गर्न सकिन्छ,' उनले भने ।

जनकपुरधाम उपमहानगरपालिकाका उपमेयर किशोरीसाहलेपनिएकलमहिलाको अधिकार संरक्षण र सशक्तीकरणमा स्थानीय तह सधैं सहयोगी रहने प्रतिबद्धता जनाए । उपमेयर साहले एकल महिलालाई लक्षित सीपमूलक तालिम, रोजगारीका अवसर र सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिए ।

सामाजिक परीक्षणका क्रममा समाजिक परीक्षक अजय साहले संस्थाले विगत एक वर्षमा सञ्चालन गरेका कार्यक्रम, गतिविधि र उपलब्धिबारे विस्तृत जानकारी प्रस्तुत गरे ।

उनले एकल महिलाको अधिकार प्रवर्द्धन, कानुनी सहायता, सामाजिक सचेतना अभिवृद्धि, क्षमता विकास तालिम तथा हिंसा प्रभावित महिलालाई परामर्श सेवा प्रदान गर्दै आएको छ। साहले संस्थाको मुख्य उद्देश्य एकल महिलालाई आत्मनिर्भर बनाउँदै समाजमा सम्मानपूर्वक जीवन यापन गर्न सक्ने वातावरण निर्माण गर्नु रहेको स्पष्ट पारे ।

कार्यक्रममा स्थानीय महिला, सामाजिक अभियन्ता तथा मानव अधिकारकर्मीहरूको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रममा सहभागीहरूले एकल महिलाको क्षमता विकास, सामाजिक सुरक्षामा पहुँच र समग्र अधिकार सुनिश्चित गर्न आवश्यक रणनीति तथा सुझावहरू प्रस्तुत गरेका थिए ।

इन्फ्लुइन्जा (फ्लु) बाट सुरक्षित रहौं ।

इन्फ्लुएन्जा (फ्लु) बाट बच्नः

- नियमित रुपमा साबुन पानीले हात धुने गरौं ।
- खोक्दा वा हाच्छ्युँ गर्दा नाक, मुख रुमाल वा कुहिनोले छोपौं ।
- जाडोमा टाउको, हातखुट्टा छोपिने गरी न्यानो कपडा लगाऔं ।
- भिडभाड र बन्द ठाउँमा धेरै समय नबसौं ।
- फ्लूका लक्षण (ज्वरो, खोकी, घाँटी दुख्ने, थकान) देखिए सावधानी अपनाऔं ।
- सफा, ताजा र पोषिलो खाना खाऔं ।
- बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा दीर्घरोगीको विशेष संरक्षण गरौं ।

स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८